**युवामैत्री स्थानीय शासन प्रवर्द्धन गरौं**
**शान्ति र विकासमा युवा सहभागिता सुनिश्चित गरौं ।**

#YFLG

FOR YOUTH & WITH YOUTH OF NEPAL

# युवामैत्री स्थानीय शासन
# तालिम निर्देशिका

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२

JCYCN 2001
Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल

UNDP

unicef for every child

लेखन तथा सम्पादन :

विष्णुबहादुर खत्री (अधिवक्ता)

सम्पादन सल्लाहकार :

रमाकान्त शर्मा

तिलोत्तम पौडेल

चन्द्रा थापा

मिना शर्मा

दिपेश घिमिरे

बिनिता कार्की

भाषा सम्पादन : देबकी आचार्य (विद्यावारिधि)

सम्पादन सहयोगी : सुमिक्षा खड्का

प्रकाशन वर्ष : २०७९

प्रकाशन प्रति : ५००

प्रकाशक :

राष्ट्रिय युवा परिषद्

जागृति बाल तथा युवा सरोकार नेपाल

आर्थिक तथा प्राविधिक सहयोग :

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यु.एन.डि.पी.) र युनिसेफ

डिजाईन : ईकिगाई टेक्नोलोजी प्रा. ली

थप जानकारीका लागि :

जागृति बाल तथा युवा सरोकार नेपाल

सम्पर्क कार्यालय, ललितपुर महानगरपालिका, नयाँबाटो सानेपा, ललितपुर

सम्पर्क नं. ९७७-०१-५५५४७१७

इमेल: jcycn2001@gmail.com

वेबसाईट: https://www.jagritinepal.org

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(.............................................. शाखा)

राष्ट्रिय युवा परिषद् नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

मिति: २०७९-४-२५

**शुभकामना**

राष्ट्रिय युवा नीतिले परिभाषित गरे अनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवा समूह उर्जावान, सक्षम र सिर्जनशील उमेरका जनशक्तिका रूपमा रहेका छन्। युवाहरू परिवर्तनका संवाहक, विकासका साझेदार र हिस्सेदार हुन्। राष्ट्रको समग्र विकास, आमुल परिवर्तन, आन्दोलन र प्रगतिमा सकारात्मक र रचनात्मक योगदानको इतिहास बोकेका युवाहरूको भूमिका, क्षमता अभिवृद्धि र पहुँच अभिवृद्धि गर्न राष्ट्रिय युवा परिषद्को नेतृत्वमा युवामैत्री अभियान सुरु भएको छ ।

युवाहरूको अधिकार स्थापनामा नेपाल कानूनी तथा नीतिगत व्यवस्थाहरूमा गरिएका छन्। नेपालले जाहेर गरेका अन्तराष्ट्रिय प्रतिवद्धताहरू, दिगो विकासका लक्ष्य (२०१६-२०३०), नेपालको संविधान, पन्ध्रौं योजना, राष्ट्रिय युवा नीति २०७२, राष्ट्रिय युवा परिषद् ऐन, २०७२, राष्ट्रिय युवा परिषद् नियमावली २०७३, युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना लगायतका विभिन्न प्रतिवद्धता र दस्तावेजहरूमा युवाहरूको समग्र विकासका निम्ति विभिन्न प्रतिवद्धताहरू व्यक्त गरिएका छन्। युवाहरूको अर्थपूर्ण सहभागीताका साथ यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएको काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्दै युवामैत्री स्थानीय शासन (Youth Friendly Local Governance-YFLG) को अवलम्बन र कार्यान्वयन गरिनु आवश्यक छ। यसका लागि राष्ट्रिय युवा परिषद् प्रतिवद्ध रहेको छ र नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ ।

युवामैत्री स्थानीय शासन युवाको समग्र अधिकारलाई सुनिश्चित गर्नका लागि युवाका सवालहरू स्थानीय शासन प्रणालीमा जोड्दै, उनीहरूको सक्रिय सहभागिता, नेतृत्व र सहकार्यमा सञ्चालन गरिने शासन प्रणाली हो। यस अभियानलाई अघि बढाउन राष्ट्रिय युवा परिषद्, जागृति बाल तथा युवा सरोकार नेपाल, युएनडिपि तथा युनिसेफको संयुक्त प्रयासमा तालिम निर्देशिका तयार गरिएको छ । यो तालिम निर्देशिका तयार गर्ने क्रममा राष्ट्रिय युवा परिषद् तथा जिल्ला युवा समितिका प्रतिनिधि, जनप्रतिनिधिहरू, स्थानीय तहका विभिन्न शाखाका कर्मचारी, विकास साझेदार, संयुक्त राष्ट्र संघीय संस्थाहरू, खेलकुद क्षेत्रका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, संचारकर्मी, युवा संघ संस्था, बालक्लब, बालक्लबका पूर्व सदस्य, अभियानकर्मी, कृषक, युवाउद्यमी, युवा स्वयंसेवक तथा युवामैत्री स्थानीय शासन अभियानकर्मीहरू लगायतका सरोकारवालाहरू सँग प्रत्यक्ष छलफल, अन्तरक्रिया र सुझाव संकलन गरिएको छ । यो तालिम निर्देशिका तयार पार्ने क्रममा योगदान गर्नुहुने सबै प्रति आभार व्यक्तगर्दै यो तालिम निर्देशिकाको प्रयोगले देशभरीका स्थानीय तहमा युवामैत्री स्थानीय शासनको अवलम्बन, कार्यान्वयन, घोषणा र दिगोपनाका लागि योगदान पुग्ने अपेक्षा गरिएको छ ।

सुरेन्द्र बस्नेत

कार्यकारी उपाध्यक्ष

उपाध्यक्ष

# तालिम निर्देशिका सम्बन्धी जानकारी

- यो तालिम निर्देशिका राष्ट्रिय युवा परिषद् र जागृति बाल तथा युवा सरोकार नेपालले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यु.एन.डि.पी.) र युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको हो ।
- स्थानीय तहका सरोकारवालामा युवामैत्री स्थानीय शासनका सम्बन्धमा क्षमता विकास गर्ने र सो अभियानलाई सम्बन्धित स्थानीय तहहरूमा अवलम्बन प्रवर्द्धन गर्ने उद्देश्यका साथ तयार गरिएको हो ।
- यो तालिमले स्थानीय तहका सरोकारवालामा आफ्नो स्थानीय तहलाई युवामैत्री स्थानीय तहका रूपमा विकास गर्नका लागि नीतिगत व्यवस्था र सोको कार्यान्वयनका लागि सरोकारवालाहरूसँग आवश्यक सहकार्य र समन्वय विकास गर्न सहयोग पुग्नेछ ।
- तालिमका सहभागीहरूले यस तालिम पश्चात स्थानीय तहमा युवामैत्री सवालमा विभिन्न समयमा आयोजना गरिने तालिम छलफल तथा अन्तरक्रियाहरूमा सहजीकरण गर्न यो तालिम निर्देशिका सन्दर्भ स्रोत सामग्री बन्न सक्नेछ । यसले स्थानीय तहको आवधिक, विषयगत र वार्षिक नीति तथा कार्यक्रमहरूमा युवाका सवालहरूले प्राथमिकता पनि पाउने अपेक्षा गरेको छ ।
- तालिम निर्देशिकामा समावेश गरिएका शीर्षकहरूसँग सम्बन्धित थप जानकारी, घटना, उदाहरण र अन्य स्रोत सामग्री पनि तालिमका सहजकर्ताहरूले सङ्कलन, व्यवस्थापन र प्रयोग गर्नु उपयुक्त हुनेछ । त्यस्ता सन्दर्भ सामग्रीहरूको सङ्कलन र प्रयोगका लागि तालिम सहजकर्तालाई हामी उत्प्रेरित गर्दछौँ ।
- तालिमको प्रभावकारिताका लागि विषयगत कार्य अनुभव र विषयविज्ञता भएका वा विभिन्न सरोकारवाला निकायका स्रोत व्यक्तिहरूलाई पनि तालिमका दौरानमा विशेष सत्रहरूमा आमन्त्रण गरी उनीहरूको ज्ञान र अनुभव आदानप्रदानका लागि समय मिलाउन उपयुक्त हुन्छ ।
- तालिम सहजकर्ताले सम्बन्धित स्थानीय तहमा युवाहरूको प्राथमिकताका सवालहरू, सम्बन्धित स्थानीय तहले गरेका प्रयासहरू र भएका उपलब्धिहरूलाई समेत समावेश गरी तालिममा छलफल चलाउनु उपयुक्त हुनेछ । स्थानीय आवश्यकता अनुसार विषयवस्तुहरूमा सत्र अनुसार समयमा थपघट गर्न सकिने छ ।
- यो तालिम निर्देशिका युवासँग काम गर्ने सरोकारवालाहरू, जनप्रतिनिधि, सरकारी कर्मचारीहरू, नागरिक समाज, विकास साझेदार, संयुक्त राष्ट्र संघीय संस्थाहरू, युवाक्लब, संघसंस्था, किशोरकिशोरी सञ्जाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरू, विकासका साझेदार बालक्लबका पूर्व सदस्यहरू, बालमैत्री तथा युवामैत्री अभियान्ता लगायतका १८४ जनासँग गरिएका भर्चुअल छलफल श्रृंखला र युवामैत्री स्थानीय शासन सम्बन्धी नमूना तालिमका लागि छानिएका ७ प्रदेशका एक–एक स्थानीय तहका २१० जना सरोकारवालाहरू तथा सहभागीहरुसँग गरिएका छलफल र प्राप्त सुझावहरू समावेश गरी तयारी गरिएको छ ।

# विषय-सूची

सत्र १ : उद्घाटन तथा परिचय

सत्र २ : युवाको परिभाषा, सहभागिता र युवामैत्री शासनको अवधारणा

सत्र ३ : युवासँग सम्बन्धित प्रतिबद्धता, सवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

सत्र ४ : युवाका साझा सवालहरू

सत्र ५ : कानून निर्माण प्रक्रिया र युवा सहभागिता

सत्र ६ : युवामैत्री स्थानीय शासनका रणनीतिक योजना

सत्र ७ : युवामैत्री स्थानीय शासनका सूचक र पुष्ट्याईका आधारहरू

सत्र ८ : युवामैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रिया र कार्ययोजना

सत्र ९ : स्थानीय तहको मूल्याङ्कन, वित्तीय स्रोत व्यवस्थापन र सरोकारवालाहरूको भूमिका

सत्र १० : युवामैत्री स्थानीय शासनका संस्थागत संरचना काम, कर्तव्य र अधिकार

सत्र ११ : कार्ययोजना निर्माण

सत्र १२ : तालिम मूल्याङ्कन र तालिम समापन

अनुसूची १ : युवामैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि (नमुना)

अनुसूची २ : युवा तथा युवामैत्री सम्बन्धी उपयोगी वेभसाइट तथा सामाजिक सञ्जालका लिङ्कहरू

अनुसूची ३ : स्थानीय तहको निर्वाचन २०७९ मा युवा प्रतिनिधित्वको अवस्था

अनुसूची ४ : राष्ट्रिय युवा परिषद्ले वि.सं. २०७५ सालमा युवामैत्री स्थानीय तह कार्यक्रम सञ्चालन गरेका स्थानीय तहहरू

अनुसूची ५ : युवाका बारेमा काम गर्ने नेपाल सरकारका मन्त्रालय तथा अन्य केहि निकायहरूको विवरण

अनुसूची ६ : राष्ट्रिय युवा परिषद् नेपालको नेतृत्व र जागृति बाल तथा युवा सरोकार नेपालको संयोजन र युएनडिपी तथा युनिसेफ नेपालसँगको सहकार्यमा नमुनाको रूपमा युवामैत्री स्थानीय शासन कार्यक्रम २०७९ सञ्चालन भएका स्थानीय तहहरू

अनुसूची ७ : तालिम मूल्यांङ्कन फारम

# सत्र : १

# उद्घाटन तथा परिचय

उपशीर्षक : (क) उद्घाटन तथा स्वागत

(ख) परिचय

(ग) अपेक्षा सङ्कलन

(घ) मूल्य मान्यता

(ङ) समूह विभाजन

उद्देश्य : यस सत्रको अन्त्यसम्ममा –

- सहभागीहरू एक अर्कामा परिचित भएका हुनेछन्,
- सहभागीहरूले यस तालिमबाट आफूले राखेका अपेक्षा व्यक्त गर्न सक्नेछन्,
- तालिमका लागि सहज वातावरण तयार भएको हुनेछ ।

तालिम सामग्री : न्यूज प्रिन्ट, ह्वाइट बोर्ड, मार्कर, फरक–फरक रंङ्का मेटा कार्ड, मास्किङ् टेप

विधि: औपचारिक कार्यक्रम, गोलो घेरामा छलफल, प्रश्नोत्तर

समय : १ घण्टा ३० मिनेट

## उद्घाटन तथा स्वागत

तालिमको सुरुमा सानो औपचारिक उद्घाटन सत्रको आयोजना गरिने छ । कार्यक्रमको औपचारिक सुरुवात अर्थात उद्घाटनमा नौलो र सिर्जनशील सहभागितात्मक तरिका अवलम्बन गरिने छ । यसबाट सहभागीमा नयाँपनको आभास र सिकाइ हुनेछ । स्थानीय आवश्यकता अनुसार आयोजक र सहजकर्ताले सहजताका आधारमा उद्घाटनको नौलो र सिर्जनशील सहभागितात्मक तरिका तय गर्न सक्नेछन् । तालिमको विषयवस्तुमा प्राथमिकता दिन उद्घाटन सत्र अत्यन्त छोटो हुनु उपयुक्त हुनेछ । उद्घाटन सत्रले तालिमको मुख्य उद्देश्य र विषयवस्तुलाई योगदान पुग्ने हुनुपर्दछ ।

## परिचय र अपेक्षा सङ्कलन

परिचय सत्रमा सहभागीहरूलाई गोलो घेरामा बस्न लगाइने छ । सहभागी गोलो घेरामा बसिसकेपश्चात विभिन्न युवासँग सम्बन्धित केही साझा प्रश्नहरूका आधारमा छलफल गरी शुरुमा सामुहिक परिचय र सो पश्चात व्यक्तिगत परिचय गरिनेछ ।

- सामुहिक प्रश्नका आधारमा परिचय पश्चात सहजकर्ताले सहभागीहरूलाई आ-आफ्नो व्यक्तिगत थप परिचयका लागि तयार रहन अनुरोध गर्ने ।
- परिचयका क्रममा सहभागीहरूलाई दुई रङ्का मेटाकार्ड दिएर एउटामा आफ्नो परिचय र अर्को मेटाकार्डमा तालिमबाट जान्न वा सिक्न चाहेको आफ्नो अपेक्षा लेख्न लगाउने ।
- सबैले लेखिसकेपछि आफ्नो नाम, ठेगाना, शिक्षा, रुचि, तालिमबाट जान्न वा सिक्न चाहेको अपेक्षा, आ-आफ्नो कम्तिमा एउटा सबल पक्ष वा क्षमता गोलो घेरामा उठ्दै पालोपालो भन्न लगाउने ।
- सहभागीहरूको क्षमता वा सबल पक्षले स्थानीय तहमा युवामैत्री अभ्यासका लागि के-कस्तो सहयोग वा योगदान पुग्न सक्दछ भनी सहजकर्ताले छलफल गराउने ।
- तालिमका सहजकर्ताले प्रस्तुति गरेपछि तालिमसँग अमिल्दो विषयवस्तु अपेक्षाका रूपमा आएमा तालिमको उद्देश्य र विषयवस्तुहरूका सम्बन्धमा जानकारी दिने ।
- तालिममा समावेश नभएको तर उपयुक्त विषयवस्तु अपेक्षामा आएमा सो विषयलाई पार्किङ लटमा राखी समय मिलाएर तालिमका दौरानमा छलफल गर्ने जानकारी गराउने ।
- तालिमका दौरानमा तालिमसँग प्रत्यक्ष असम्बन्धित तर छलफल गर्नुपर्ने विषयवस्तु छन् भने ती विषयवस्तुलाई पनि पार्किङ लटमा राखी उपयुक्त समयमा छलफल गर्ने ।
- सहभागीहरूको परिचय र अपेक्षाहरूलाई विषयवस्तु अनुसार समूहमा राखी फ्लिप चार्टमा टाँसेर तालिम हलको भित्तामा राख्ने ।

## तालिमका सहभागितात्मक नियम

- सबैको व्यक्तिगत परिचय र अपेक्षा संकलन पश्चात यो तालिम सम्पन्न गर्नका लागि हामीले के-कस्ता विषयहरू ख्याल गर्नुपर्ला भनी खुल्ला प्रश्न गर्ने र सहभागीहरूबाट आएका बुँदाहरूलाई न्यूज प्रिन्ट वा फ्लिप चार्टमा लेख्ने ।
- छलफल पश्चात आएका बुँदाहरू दोहोऱ्याएर पढ्ने, कुनै बुँदामा कसैको केही असहमति, संशोधन गर्नुपर्ने केही सुझाव वा अरु थप केही भए सहभागीहरूलाई सोध्ने ।
- एकपटक तालिम हलका सबैले सुन्नेगरी पढेर सुनाउने ।
- कार्यान्वयनका लागि सहभागितामूलक रूपमा ताली बजाएर पारित गर्न सहजकर्ताले सबैलाई अनुरोध गर्ने ।
- तालिमका मूल्य मान्यता सबैले देख्न सक्ने स्थानमा न्यूज प्रिन्टमा लेखेर टाँसिदिने ।

## जिम्मेवारी बाँडफाड

- तालिमका सहभागीहरूलाई विभिन्न पृष्ठभूमीका आधारमा मिश्रित समूह हुनेगरी तीन समूहमा विभाजन गर्ने ।
- समूह विभाजन गर्दा सहभागीहरूको विविधता होस् भन्ने सम्बन्धमा सहजकर्ताले ध्यान दिने । समूहलाई आ-आफ्नो समूहको नाम पनि राख्न अनुरोध गर्ने ।
- तीन समूहहरूले फरक-फरक दिन फरक-फरक जिम्मेवारी पाउने जानकारी गराउने ।

(क) व्यवस्थापन समूह

व्यवस्थापन समूहमा पर्नेले सो दिनको तालिमको व्यवस्थापनमा तालिम सहजकर्ता र आयोजकलाई आवश्यक सहयोग गर्ने र तालिमको समय सूचकका रूपमा समेत काम गर्ने जिम्मेवारी रहने जानकारी गराइ जिम्मेवारी दिनु पर्दछ ।

(ख) सिकाइ पुनरावलोकन समूह

यो समूहले अघिल्लो दिनको सिकाइको अर्को दिनको तालिमको बिहानी पहिलो सत्रमा सिकाइ पुनरावलोकन गर्ने जिम्मेवारी रहने जानकारी गराउनु पर्दछ । सहजकर्ताले आवश्यकता अनुसार समूहलाई सिकाइ पुनरावलोकनको सहभागितात्मक तरिकाहरू सिकाएर सहभागितात्मक सिकाइ पुनरावलोकनका तरिकाहरू अवलम्बन गर्नका लागि उत्प्रेरित गर्नुपर्दछ । प्रस्तुतिका लागि भने निश्चित समय तोकेर दिनुपर्दछ ।

(ग) मूल्याङ्कन समूह

यो समूहले तालिमको दैनिक मूल्याङ्कन गर्नेछ । तालिमको दैनिक मूल्याङ्कनमा पनि सिकाइ पुनरावलोकन समूहले जस्तै सिर्जनशीलता र नौलोपन प्रयोग गर्न सक्नेछन् । सरसर्ती पढ्नेभन्दा पनि सहभागितात्मक विधिहरूलाई प्रयोग गर्न सहजकर्ताले उत्प्रेरित गर्नुपर्दछ । मूल्याङ्कन गर्दा सवल पक्ष र सुधारात्मक पक्ष दुवै प्रस्तुत गर्न सुझाव दिनुपर्दछ ।

| दिन | समूहको नाम | दैनिक जिम्मेवारी |
|---|---|---|
| पहिलो | | |
| दोस्रो | | |
| तेस्रो | | |

## सत्र : १

# युवाको परिभाषा, सहभागिता र युवामैत्री शासनको अवधारणा

उपशीर्षक : (क) युवाको परिभाषा

(ख) युवाको सहभागिता

(ग) युवामैत्री शासनको अवधारणा

उद्देश्य : यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू युवाको परिभाषा बताउन सक्नेछन्,
- युवाको सहभागिताको तहहरूको सूची बनाउन सक्नेछन्,
- युवामैत्री शासनको अवधारणाको व्याख्या गर्न सक्नेछन् ।

तालिम सामग्री : फ्लिपचार्ट, मेटा कार्ड, मार्कर

विधि: खुल्ला छलफल, प्रस्तुति र प्रश्नोत्तर

समय : १ घण्टा ३० मिनेट

सत्रको विस्तृत विवरण

- सहजकर्ताले युवा को हुन् ? भनी खुल्ला प्रश्न गर्ने,
- आएका बुँदाहरु ह्वाइट बोर्डमा टिप्ने र छलफल गर्ने,
- राष्ट्रिय युवा नीतिमा भएको व्यवस्था अनुसार युवाको परिभाषामा स्पष्ट पार्ने,
- म युवा हुँदा के सोच्दथे वा अहिले म युवा उमेरको छु भने के सोच्दछु भनी खुल्ला रूपमा व्यक्त गर्न सहभागीहरूलाई समय दिने । युवा सोचमा के फरक छ भनी छलफल गर्ने । युवा सोच आफ्नै जीवनका लागि, परिवारका लागि र समाजका लागि के-कसरी मार्गनिर्देश बन्दछ वा बन्न सक्दछ भनी छलफल गर्ने,
- सहभागीलाई सहभागिताको भऱ्याङ्ग चित्रका आधारमा युवा सहभागिता र निर्णयको तहको वारेमा छलफल गर्ने,
- स्थानीय तहमा युवा सहभागिताको वर्तमान अवस्था कस्तो छ, त्यसको कारण र सामाजिक प्रभाव के छ भनी खुल्ला छलफल गर्ने,

- युवामैत्री शासनमा के–कस्ता आधारहरू हुनुपर्दछ होला भनी खुल्ला प्रश्न गर्ने,
- आएका सुझावहरू समेतका आधारमा सहजकर्ताले युवामैत्री शासनको परिभाषा र अवधारणा प्रस्तुत गर्ने र समान बुझाईको विकास गर्ने ।

*अध्ययन तथा सन्दर्भ सामग्री*

## युवाको परिभाषा

शारीरिक तथा मानसिक वृद्धि तथा विकासका दृष्टिले युवा उमेरलाई अत्यन्तै महत्त्वपूर्ण रूपमा लिईन्छ । राष्ट्रिय युवा नीति, २०७२ का अनुसार १६ देखि ४० वर्ष उमेर समूहका व्यक्ति युवा हुन् । सिकाई तथा अनुभव प्राप्तिको दृष्टिकोणले १० देखि १९ वर्ष उमेर समूह विशिष्ट अवस्था हो । उक्त उमेरमा सिकेको कुरालाई कार्यान्वयन गर्ने तथा देशको विकास तथा रूपान्तरणमा योगदान गर्ने दृष्टिकोणले ४० वर्षसम्मको युवा उमेर उत्तिकै महत्त्वपूर्ण हुन्छ । १६ देखि १९ वर्षबीचका उमेर समूहका नागरिक बालबालिका, किशोरकिशोरी र युवा तिनवटै परिभाषा अन्तरगत पर्दछन् । जस्तै १८ वर्षसम्मका उमेर समूहका बालबालिकामा पर्दछन् । १० देखि १९ वर्षसम्म किशोरकिशोरी समूहमा पर्दछन् । १६ देखि ४० वर्ष उमेर समूहका युवामा पर्दछन् । त्यसैले युवा उमेर समूहको कुरा गर्दै गर्दा परिभाषामा रहेको अन्तरसम्बन्ध पनि थाहा पाउनु आवश्यक छ र नीति, योजना र कार्यक्रम बनाउँदा अन्तरसम्बन्धित गरेर बनाउनु पर्दछ ।

नेपालको संविधान, पन्ध्रौं पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय युवा नीति, २०७२, राष्ट्रिय युवा परिषद् ऐन, २०७२, युथ भिजन २०२५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२, विद्यालय नर्स कार्यविधि २०७७, विद्यालय स्वास्थ्य तथा नर्सिंङ सेवा निर्देशिका राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, लगायतका युवासँग सम्बन्धित कानून, ऐन, नीति नियम तथा रणनीति निर्माण भई कार्यान्वयनमा रहेका छन् । यसले युवाको समग्र पक्षलाई सम्बोधन गर्दै शासकीय प्रक्रिया तथा प्रणालीमा उनीहरूको संलग्नताका सम्बन्धमा विभिन्न व्यवस्था गरेका छन् ।


राज्यको पुनर्संरचनासँगै स्थानीय तहका सरकारको अधिकार र स्रोतका दृष्टिकोणले बलियो बनेका छन् । स्थानीय तहले प्राप्त गरेको संवैधानिक जिम्मेवारी र नेपाल सरकारले पन्ध्रौं योजना मार्फत लिएको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउनको लागि युवामैत्री स्थानीय शासनलाई संस्थागत रूपमा अगाडि बढाउन आवश्यक छ । जसबाट स्थानीय शासन प्रणालीमा युवाको सहभागिता तथा संलग्नतामा गरिने काम प्रभावकारी, गुणस्तरीय, सकारात्मक र अर्थपूर्ण हुन्छ तथा सुशासन अभिवृद्धिमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँदछ ।

युवाका क्षेत्रमा विभिन्न प्रयासहरू भएका छन् । युवा विकासको फोकल मन्त्रालयका रूपमा वि.स. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको थियो । वि.स. २०६६ मा राष्ट्रिय युवा नीति, २०६६ जारी गरियो । परिमार्जित राष्ट्रिय युवा नीति, २०७२ जारी भयो । त्यसैगरी राष्ट्रिय युवा परिषद् ऐन, २०७२, राष्ट्रिय युवा परिषद् नियमावली, २०७३, युवा तथा खेलुकद मन्त्रालयको पहलमा नेपाली युवाको विकासका लागि

युथ भिजन–२०२५ सहितको दश वर्षीय रणनीतिक योजना नेपाल सरकारबाट स्वीकृत भई कार्यन्यवनमा रहेका छन् । वि.स. २००९ मा नेपाल स्काउट स्थापना (५७ हजार सदस्य), वि.स. २०२१ मा राष्ट्रिय खेलकुद परिषद्को स्थापना, वि.स. २०७२ मा राष्ट्रिय युवानिती जारी सँगै राष्ट्रिय युवा परिषद गठन र क्रमिक रुपमा वि.स. २०७३ मा जिल्ला युवा समितिको कार्यालयहरू स्थापना भयो भने नयाँ संरचनासँगै प्रदेश स्तरमा पनि प्रदेश युवा समिति बनाई युवासँग सम्बन्धित कार्यहरू हुन थालेको छ ।

## युवा सहभागिता

युवा सहभागिता सधैभरी प्रभावकारी नहुन पनि सक्दछ । सहभागिता हुँदैमा निर्णय शक्ति नहुन सक्दछ । त्यसको प्रभावकारिताका लागि त्यो सहभागिता कुन तहको छ भन्ने थाहा पाउनु पर्दछ । यदि कुनै पनि सहभागिता अरु कसैले आफ्नो फाइदाका लागि वा संख्या पुऱ्याउन वा देखाउनका लागि मात्र गरेको छ भने त्यस्तो सहभागिता नाम मात्रको हुन्छ । युवा सहभागिताको भऱ्याङ्गमा देखाएजस्तै युवासँगको परामर्श तथा युवा र अग्रज समन्वय र साझेदारीमा गरिएको निर्णयले नै समाजमा दिगो नतिजा दिन सक्दछ ।




युवा सुन्ने मात्र, काम गर्ने मात्र, अह्राएको फलो गर्ने मात्र वा दर्शक वा श्रोताको रूपमा भएमा मात्र हुने त्यो सहभागिताले युवा र समाजमा गुणात्मक नतिजा दिन सक्दैन । यदि उनीहरूसँगै बसेर वा उनीहरूकै नेतृत्वमा निर्णय प्रक्रिया गरियो भने त्यसले दिगो नतिजा दिन सक्दछ । युवा र वयस्कको समन्वय, साझेदारी र सहकार्य हुनुपर्दछ जसमा युवाको पनि निर्णय प्रक्रियामा अर्थपूण सहभागिता हुनुपर्दछ ।

## युवामैत्री स्थानीय शासनको अवधारणा

युवालाई राज्यको मूलप्रवाहीकरणमा ल्याएर सवल, सक्षम, प्रतिष्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता र संलग्नताको सुनिश्चितता गर्नु आवश्यक छ । जसले नेपाललाई आधुनिक, न्यायपूर्ण तथा समृद्ध बनाउने छ भने गुणस्तरीय, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका सवालको गुणस्तरीय विकास गर्न समेत योगदान पुऱ्याउँदछ । युवाको हितको लागि विभिन्न कानूनी नीतिगत, संरचनागत तथा प्रक्रियागत रूपान्तरणका प्रयासहरू गरी युवाको चाहना, सोचाई, लक्ष्य तथा उद्देश्यहरूलाई प्रभावकारी रुपमा संवोधन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

नेपालको संविधान जारी भएसँगै देशमा समावेशीकरणको व्यवहारिक अभ्यास सुरु भएको छ । नेपालको संविधानले युवा समुदायमा सिर्जनशिलता, उद्यमशिलताको विकास गर्दै देशको आधारभूत शक्तिका रूपमा उनीहरूलाई स्थापित गर्ने र उनीहरूको क्षमतालाई देश निर्माणको अभियानमा लगाउने कुरालाई महत्त्व दिएको छ । यसको लागि आवश्यक पर्ने कानून नीति, नियम तथा रणनीतिहरू तर्जुमा गर्ने कार्यको सुरुवात भएको छ । स्थानीय तहले सञ्चालन गर्ने समग्र कार्यमा लक्षित वर्ग तोकेर उनीहरूको सक्रिय र अर्थपूर्ण संलग्नता र साझेदारीमा मात्र काम गर्ने अभ्यासको सुरुवात भएको छ । तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले युवालाई लक्षित वर्गको रूपमा लिएर उनीहरूको सहभागिता तथा साझेदारीलाई स्थानीय शासन प्रक्रियामा सुनिश्चित गराउने सम्बन्धमा स्पष्टरुपमा व्यवस्था भने गरेको छैन ।

यस अवस्थामा स्थानीय तहले तर्जुमा गर्ने नीति नियम, कानून, योजना, रणनीति लगायतका विभिन्न नीतिगत तथा कानूनी सवाल, शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद लगायतका क्षेत्र तथा स्थानीय कानून र नीति निर्माण प्रक्रियामा युवालाई महत्त्व दिँदै उनीहरूको सक्रिय सहभागिता, संलग्नता र साझेदारीलाई स्थापित गर्नु आवश्यक छ । नेपालको संविधानले स्थानीय तहलाई २२ किसिमको एकल अधिकार प्रदान गरेको छ । यससँग सम्बन्धित कानून निर्माण कार्यान्वयन, अनुगमन मूल्याङ्कन प्रक्रियामा युवासँगको समन्वय र साझेदारीमा गर्दा प्रभावकारी हुन जान्छ । युवा समुदाय एकातर्फ आफै लाभान्वित समूह हुन् भने अर्को तर्फ परिवर्तनका सम्वाहक पनि हुन् । यसर्थ स्थानीय तहका हरेक नीतिगत तथा कार्यक्रमगत तहमा हुने गतिविधिमा युवामैत्री वातावरण निर्माण गर्न सक्दा मात्र त्यसले समग्र शासकीय प्रक्रिया तथा पद्धतीको गुणस्तरमा अभिवृद्धि हुन जान्छ । अनि देश विकास र रूपान्तरणको ठोस आधार तयार हुन्छ । यसर्थ युवाको शासन प्रणालीमा अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै उनीहरूको नेतृत्वलाई सुनिश्चित गर्दै स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया तथा व्यवहारमा युवाको संस्थागत संलग्नता सुनिश्चित गर्नको लागि युवामैत्री स्थानीय शासनको आवश्यकता रहेको छ ।

युवा भनेका देशको विकास, समृद्धि तथा प्रगतिका सम्वाहक हुन् । यसर्थ युवालाई स्थानीय तहदेखिनै शासन प्रणालीमा जोड्दै, उनीहरूको सक्रिय सहभागिता, संलग्नता र सहकार्यमा सञ्चालन गरिने शासन प्रणालीलाई युवामैत्री शासन भनिन्छ । स्थानीय तहमा युवाको अधिकारलाई सुनिश्चित गर्नको लागि ल्याईएको शासकीय अवधारणा नै युवामैत्री स्थानीय शासन हो ।

# सत्र : ३

# युवासँग सम्बन्धित प्रतिवद्धता, संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

**उपशीर्षक :**

(क) युवासँग सम्बन्धित प्रतिवद्धता

(ख) संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

**उद्देश्य : यस सत्रको अन्त्यसम्ममा,**

- सहभागीहरू युवासँग सम्बन्धित प्रतिवद्धता, सवैधानिक, कानूनी तथा नीतिगत मुख्य व्यवस्थाहरूका सम्बन्धमा बताउन सक्नेछन् ।

**तालिम सामग्री :** प्रोजेक्टर, फ्लिपचार्ट, मेटा कार्ड, मार्कर

**विधिः** प्रस्तुति र छलफल

**समय :** १ घण्टा ३० मिनेट

**सत्रको विस्तृत विवरण**

- सहभागीहरूलाई युवासँग सम्बन्धित प्रतिवद्धताहरू, संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरू के-कस्ता रहेका छन् भनी खुल्ला प्रश्न गर्ने,
- सहभागीहरूलाई आफ्नो स्थानीय तहमा युवासँग सम्बन्धित के-कस्ता नीतिगत व्यवस्था, योजना तथा कार्यक्रमहरू रहेका छन् भनी थप प्रश्न गरी खुल्ला छलफल गर्ने,
- सहजकर्ताले युवासँग सम्बन्धित प्रतिबद्धता, संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरूको प्रस्तुति गर्ने,
- प्रस्तुतिका आधारमा भएका व्यवस्थाहरूको कार्यान्वयनको अवस्था कस्तो छ भन्ने वारेमा पनि सहभागीहरूसँग छलफल गर्ने र भएका व्यवस्थाहरूको कार्यान्वयनमा के गर्नुपर्दछ भनी सुझावहरू सङ्कलन गर्ने/छलफल गर्ने,
- सहभागीहरूलाई यो सत्रको अध्ययन सामग्रीहरू उपलब्ध गराई स्व-अध्ययन गरी केही भएमा तालिमको अर्को दिन प्रश्न, जिज्ञासा र सुझाव सहित आउन उत्प्रेरित गर्ने ।

## युवासँग सम्बन्धित प्रतिबद्धता, संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था

नेपाली नागरिकको चाहना अनुसार संविधानसभा मार्फत नेपालको संविधान २०७२ मा जारी भयो । यस संविधानले नेपालमा संघीय शासन प्रणालीको स्थापना गऱ्यो र ७५३ वटा स्थानीय तह, ७ वटा प्रदेश तथा संघीय सरकार स्थापित भयो । युवाको क्षेत्रमा काम गर्नको लागि संघीय तहमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, नेपाल स्काउट लगायतका निकाय स्थापित भएका छन् । जसले शासन प्रक्रियामा युवाको अर्थपूर्ण संलग्नता तथा सहकार्यको लागि काम गर्दछन् । प्रादेशिक सरकार अर्न्तगत सामाजिक विकास मन्त्रालय स्थापना भएका छन्, जसले युवाको सवाललाई हेर्ने गरी क्षेत्राधिकार तोकिएको छ । केही प्रदेशमा युवा मन्त्रालय नै स्थापना गरिएका छन् । यसैगरी स्थानीय सरकार पनि अत्यन्तै शक्तिशाली बनेका छन् । स्थानीयस्तरका सम्पूर्ण सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास निर्माण तथा रूपान्तरणको जिम्मेवारी पाएका छन् । स्थानीय तहले पाएका एकल तथा साझा अधिकारको कार्यान्वयनको लागि युवासँग समन्वय गर्न सकेमा प्रभावकारितामा वृद्धि भई लक्षित वर्ग तथा समुदायले बढीभन्दा बढी लाभ लिन सक्ने देखिन्छ । परिवर्तित राजनीतिक, सामाजिक, सांस्कृतिक सन्दर्भमा स्थानीय तहबाटै युवामैत्री शासनको सुरुवात गर्ने महत्त्वपूर्ण अवसर रहेको छ ।

## अन्तर्राष्ट्रिय प्रतिबद्धता र दिगो विकासका लक्ष्यहरू

संयुक्त राष्ट्रसंघको अगुवाईमा सन् २०३० सम्म प्राप्त गर्ने निर्धारण गरिएका १७ वटा विश्वव्यापी लक्ष्यहरूलाई दिगो विकासका लक्ष्यको रूपमा लिईन्छ । यस अर्न्तगत १७ वटा मूल लक्ष्य रहेका छन् १६९ परिमाणात्मक लक्ष्यहरू तोकिएका छन् । यस लक्ष्यमा रहेका मध्ये लक्ष्य नं. १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी कुल १० वटा लक्ष्यहरू प्रत्यक्ष रूपमा र बाँकी रहेका अन्य लक्ष्यहरू परोक्ष रूपमा युवासँग सम्बन्धित रहेका छन् । नेपालले पनि सन् २०३० भित्रमा न्यायपूर्ण तथा समृद्ध देश बनाउने योजनाको साथ दिगो विकासका लक्ष्यहरू कार्यान्वयन सुरु गरेको छ । आधारभूत तथा माध्यामिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको सहज आपूर्ति र सरसफाई, कृषि, पूर्वाधार विकास, लैङ्गिक समानता, गरिबी निवारण, वातावरण संरक्षण, सामाजिक सुरक्षा, विपद् व्यवस्थापन, सुशासन स्थापना लगायतका विषयहरू स्थानीय तहको क्षेत्राधिकारका विषय बनेका छन् । जुन दिगो विकास लक्ष्यसँग सम्बन्धित रहेका छन् ।

महिला, बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य सम्बन्धी विश्वव्यापी रणनीति, २०१६ ले हरेक उमेर समूहका व्यक्तिहरूको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य र आरोग्यताको स्थिति उच्च मापदण्डमा पुऱ्याउने लक्ष्य लिएको छ । यसैगरी यस रणनीतिले पोषण, शिक्षा, सरसफाई, स्वास्थ्य तथा पूर्वाधार सहितका जीवन बदल्ने लक्ष्यहरूका पहिचान गर्दै त्यसको कार्यान्वयनमा जोड दिएको छ । जुन युवा तथा किशोरकिशोरीको स्वास्थ्य सुधार तथा विकासका लागि चाहिने आवश्यक कुरा हुन् । सन् २०१५ को डिसेम्बर ९ मा संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को ७५७३ औं बैठकले पारित गरेको युवा, शान्ति तथा सुरक्षासँग

सम्बन्धित प्रस्ताव नं. २२५० आफैमा महत्त्वपूर्ण दस्तावेज हो । यस प्रस्तावमा विश्वमा द्वन्द्वको रोकथाम, समाधान, स्थायी शान्ति निर्माण तथा न्याय र मेलमिलाप लगायतका क्षेत्रमा युवाले महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने उल्लेख गरिएको छ । साथै युवाको सहभागितामा दिगो शान्तिका लागि समावेशी विकासको साझा अवधारणा समेत समाविष्ट गरिएको छ । यस प्रस्तावमा सहभागिता, संरक्षण, रोकथाम, साझेदारी र स्वतन्त्रता तथा पुनर्एकीकरण गरी पाँचवटा सवालहरू समेटिएका छन् । नेपाल सरकारले यस प्रस्तावलाई स्वीकृत गरी युथ भिजन, २०२५ र दिगो विकासका लक्ष्य, २०३० सँग एकीकृत गरी प्रस्ताव नं. २२५० को राष्ट्रिय कार्ययोजना २०३० निर्माणको सम्बन्धमा छलफल सुरुवात गरेको छ । जसमा सम्माननीय प्रधानमन्त्रीको संयोजकत्वमा निर्देशक समिति रहेको छ । यसैगरी युवा तथा खेलकुद मन्त्रालयका सचिवको नेतृत्वमा कार्यदल र सोही मन्त्रालयका सहसचिवको नेतृत्वमा प्राविधिक समिति समेत गठन भईसकेको छ । यस समितिले विभिन्न मन्त्रालय तथा अन्य सरोकार तथा साझेदार निकायहरूसँग समन्वय गरी काम सुरु गरिसकेको छ । यस कार्ययोजनाले नेपाली युवाको सामाजिक आर्थिक, राजनीतिक विकास, दिगो शान्ति तथा सुरक्षा स्थापनामा युवाको सार्थक सहभागिता तथा नेतृत्व विकासमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीति नियम, तथा प्रस्तावको प्रभावकारी कार्यान्वयन गर्दै युवालाई शासकीय प्रक्रियामा जोड्दै लैजानुपर्ने आजको आवश्यकता रहेको छ । यसको लागि सबैभन्दा महत्त्वपूर्ण सरोकारवाला पक्ष भनेको स्थानीय तहको सरकार हो । स्थानीय सरकारले बनाउने नीति नियम, कानून तथा कार्यविधि तथा संरचनाहरुमा युवाको अर्थपूर्ण संलग्नता, सहभागिता तथा साझेदारीको सुनिश्चितता आवश्यक छ । युवासँग सम्बन्धित क्षेत्रगत विषयहरू जस्तै शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सीप, खेलकुद लगायतका क्षेत्रमा उनीहरूको संलग्नता र सहभागितालाई प्रवर्द्धन गर्दै नीति नियमको तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन लगायतका सवालमा युवाको सहभागिता तथा संलग्नतालाई प्रवर्द्धन गर्न सकेमा मात्र स्थानीय तहले प्रभावकारी रूपमा कार्य अगाडि बढाउन सक्छ । स्थानीय तहको कानून तथा नीति निर्माण, प्रक्रिया, संरचना, प्रणाली, कार्य प्रक्रिया, व्यवहार, सञ्चालन गरिने गतिविधि तथा अन्य आवश्यक क्षेत्र र तहमा युवाको संलग्नतालाई सुनिश्चित गर्नु आवश्यक छ ।

## संवैधानिक व्यवस्था

नेपालको संविधानले शासकीय प्रक्रियामा युवाको सहभागिता तथा संलग्नताको सम्बन्धमा प्रष्ट रूपमा बोलेको छैन । यद्यपी संविधानले उनीहरूसँगको समन्वय र सहकार्यको लागि भने प्रशस्त आधार प्रदान गरेको छ । संविधानको धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकका रुपमा सुनिश्चित गर्नुपर्ने छ । जुन मुख्यगरी युवासँग सम्बन्धित छ । संविधानको धारा ३१ मा शिक्षाको हकलाई मौलिक हकमा राखिएको छ । संविधानको धारा १७ (घ) मा संघसंस्था खोल्ने स्वतन्त्रतालाई मौलिक हक अर्न्तगत राखिएको छ । संविधानको भाग ४ अर्न्तगत धारा ५१ मा शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिताका निश्चित क्षेत्रहरूको बारेमा उल्लेख गरिएको छ । जसमा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने, शासन प्रक्रियालाई भ्रष्टाचारमूक्त तथा सुशासनयुक्त बनाउने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय

सन्धि सम्झौताहरूको कार्यान्वयनमा नागरिक सहभागिताको अपेक्षा राखिएको छ । जसमा युवाले आफ्नो स्थान तथा क्षेत्रबाट योगदान गर्न सक्ने देखिन्छ । यसैगरी विकास निर्माणको प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्ने, विकासको प्रतिफल वितरण गर्ने क्रममा विपन्न तथा पछाडि पारिएका वर्ग, समुदाय, क्षेत्र, लिङ्ग, धर्मका व्यक्तिलाई प्राथमिकता दिँदै न्यायोचित रूपमा पाउने व्यवस्था मिलाउने उल्लेख छ । साथै संविधानले स्थानीय, प्रादेशिक तथा संघीय तीनै तहको सरकारका एकल तथा साझा अधिकारको बारेमा स्पष्ट रूपमा उल्लेख गरेको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहलाई २२ किसिमका एकल अधिकार प्रदान गरेको छ । यस्ता अधिकार हरूको कार्यान्वयन गर्ने, लक्षित वर्ग तथा समुदायका व्यक्तिलाई बढीभन्दा बढी लाभान्वित बनाउने कार्यमा युवाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहन्छ ।

## राष्ट्रिय युवा नीति, २०७२

नेपाल सरकारले राष्ट्रिय युवा नीति २०७२ तर्जुमा गरी लागू गरेको छ । यसले युवालाई हरेक क्षेत्रमा नेतृत्वदायी भूमिकामा स्थापित गराउने दूरदृष्टि राखेको छ । यस नीतिका प्रमुख लक्ष्यहरू देहाय बमोजिम रहेका छन्ः

- देश निर्माण तथा राष्ट्रिय विकासमा युवा वर्गको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवालाई राष्ट्र एवं राष्ट्रियता, नागरिक तथा शासन प्रणालीप्रति प्रतिवद्ध र समर्पित बनाउदै उत्तरदायी तथा जवाफदेही बनाउने,
- युवा वर्गमा सिर्जनशिलता, उद्यमशिलताको विकास गर्दै उनीहरूमा रहेको क्षमताको उजागर गर्ने,
- नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार पार्ने,
- राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयन प्रक्रियामा सहभागी गराउने,
- लैङ्गिक संवेदनशिलतामा आधारित अर्थपूर्ण संलग्नताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,
- शिक्षा आर्जनका क्रममा रहेका समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति विकास लगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउने,
- प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

## राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र नियमावली, २०७३

युवाको हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत देश निर्माणका लागि सक्षम नागरिक तयार पार्नको लागि युवालाई सशक्तिकरण गर्नु आवश्यक छ । यसको लागि संसद्ले राष्ट्रिय

युवा परिषद् ऐन, २०७२ जारी गरेको छ । यसै ऐन अर्न्तगत राष्ट्रिय युवा परिषद् समेत गठन भएको छ । ऐनको दफा ६ मा परिषद्को काम, कर्तव्य तथा अधिकारको बारेमा उल्लेख गरिएको छ । जुन देहाय बमोजिम रहेको छः

- युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने र नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
- विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,
- युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा देश निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,
- युवा विकास, सशक्तिकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने लगायत रहेका छन् ।

यसैगरी राष्ट्रिय युवा परिषद् नियमावली २०७३ मा परिषद्मा आवद्ध हुन चाहने संघ संस्थालाई आवद्धता प्रदान गर्ने सम्बन्धी शर्त र प्रक्रिया स्वीकृत गर्ने, युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गर्ने लगायतका अधिकार व्यवस्थित गरेको छ । हालसम्म ४५० भन्दा बढी नागरिक संघसंस्था परिषदमा आवद्ध भईसकेका छन् ।

## युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना

राष्ट्रिय युवा नीतिको प्रभावकारी कार्यान्वयनको लागि युथ भिजन २०२५ सहितको दश वर्षे रणनीतिक योजना बनाईएको छ । युथ भिजन २०२५ युवाका अधिकार, चाहना र आवश्यकतालाई मूर्त रूप दिने दुरगामी दृष्टिका साथ तय गरिएको ठोस र विशिष्ट रणनीतिक कार्ययोजना हो, जसले चार 'अ' र चार 'स' को निर्देशक सिद्धान्तलाई आत्मसात गरेको छ । चार 'अ' निम्न छन्

(क) अधिकारको सुनिश्चितता र दायित्वबोध

(ख) आम समृद्धि, दिगो विकास र शान्ति

(ग) अनेकतामा राष्ट्रिय एकता र सहअस्तित्व

(घ) अनुभव र तथ्यबाट सत्यको खोजी

यसैगरी चार 'स' निम्न छन्

(क) सामाजिक न्याय र समानता

(ख) समावेशीता र समविकास

(ग) संरक्षण र संवर्द्धन

(घ) सहभागिता र सहकार्य

दश वर्षे रणनीतिक योजना र कार्यक्रमका पाँच स्तम्भ पनि पहिचान गरिएको छ । जुन देहाय बमोजिम रहेका छन्




## सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५

यस ऐनको दफा ३ ले प्रत्येक महिला तथा किशोरकिशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यसैगरी दफा १९ मा ईजाजत प्राप्त स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीले महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना दिने, कागजात तथा निजलाई प्रदान गरिएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नुपर्ने व्यवस्था गरेको छ । दफा २० मा हरेक किशोरकिशोरीले स्वास्थ्य संस्थाबाट प्रजनन् स्वास्थ्य सम्बन्धी परीक्षण गराउने, परामर्श लिने र उपचार प्राप्त गर्ने अधिकार रहेको छ ।

## रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र उद्यमशिलता सम्बन्धी व्यवस्था

रोजगारीको हक सम्बन्धी ऐनले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । क्षमता अनुसारको रोजगारी छनौट गर्ने, अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायताका बारेमा समेत स्पष्ट रूपमा व्यवस्था गरेको छ । ऐनले कुनै खास वर्ग तथा समुदायको धर्म, लिङ्ग, वर्ण, वर्ग, जातजाति, लिङ्ग, भाषा, क्षेत्र आदिको आधारमा भेदभाव गर्न नपाईने व्यवस्था गरिएको छ । प्रत्येक व्यक्तिलाई रोजगारीको अधिकारलाई सुनिश्चित गरेको छ ।

नेपालको संविधानमा देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गर्ने उल्लेख छ । कुनैपनि देशको संवृद्धि र उन्नती राज्यमा रहेका युवामा आशा, उत्साह, राष्ट्रिय भावना, जिम्मेवारी बोध, सीप विकास र रोजगार तथा स्वरोजगारका उपयुक्त अवसरहरू उपलब्धिसँग जोडिन्छ । युवालाई उद्यमी बन्न प्रेरित गर्दै उनीहरूको विद्यमान आवश्यकता, समस्या एवं चुनौति तथा सवालहरूलाई सर्वाधिक महत्त्वका साथ सम्बोधन गर्नु आवश्यक छ । पाँचौं पञ्चवर्षीय योजनादेखि नै युवाहरूको भूमिकालाई सम्बोधन गर्ने प्रयास भएतापनि चालु पन्ध्रौं पञ्चवर्षीय योजनाले युवा उद्यमशिलतामा विशेष जोड दिएको छ । नेपाल सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेटमा राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम, उपराष्ट्रपति युवा पुनर्स्थापना कार्यक्रम, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, युवा उद्यमका लागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋण दिने कार्यक्रम, लोपोन्मुख परम्परागत सीप युवा पुस्तामा हस्तान्तरण, प्रवर्द्धन तथा प्रमाणीकरण जस्ता युवा उद्यमशिलतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

जनसहभागिता, उत्तरदायित्व तथा पारदर्शितालाई सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यले संसद्ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरेको छ । यस ऐनले शासन प्रणालीको तल्लो तहदेखिनै नागरिकको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । ऐनको दफा १५ मा स्थानीय तहले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्ने व्यवस्था छ । थप व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्:

- स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, आर्थिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने,
- स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय वुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, किशोरकिशोरी, दलित, युवा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितालाई सुनिश्चित गर्ने,
- प्रत्यक्ष प्रभाव पर्ने विषयवस्तुमा नागरिकको सहभागितालाई सुनिश्चित गर्ने,
- स्थानीय तहको सरकारले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउने तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्ने,
- सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रको माध्यमबाट नागरिक सहभागितालाई बढाउँदै स्थानीय तहको सरकारको कार्य सम्पादनमा गुणस्तर अभिवृद्धि गर्ने,
- गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ऐनको दफा ११ (ज) बमोजिम प्रारम्भिक बालशिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी कानून बनाउने, कार्यान्वयन गर्ने तथा नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ तथा नगरपालिकाको रहेको छ । यसैगरी सोही दफाको (झ) बमोजिम आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी सम्पूर्ण नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन लगायतका विषयवस्तु स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ ।

ऐनमा बालबालिका, महिला तथा किशोरकिशोरी र युवा विरुद्धको हिंसा, छुवाछुत, दाईजो, मानव बेचबिखन, छाउपडी, कमलरी प्रथा जस्ता सामाजिक कुरीति तथा अन्धविश्वासको अन्त्य गर्ने लगायतको जिम्मेवारी स्थानीय तहमा रहेको छ । स्थानीय तहले आफ्नो अधिकार

क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत तथा विषयगत योजना बनाउँदा सम्पूर्ण प्रक्रियामा युवाका अन्तरसम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत ऐनले गरेको छ ।

## पन्ध्रौं पञ्चवर्षीय योजना तथा प्रादेशिक योजना

पन्ध्रौं पञ्चवर्षीय योजनामा युवाका सम्बन्धमा विभिन्न नीतिगत व्यवस्था गरिएको छ । यस योजनाले युवासँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति देहाय बमोजिम तय गरेको छ ।

क) सोच

युवाको सर्वाङ्गीण विकास:राष्ट्र निर्माणको प्रमुख आधार

ख) लक्ष्य

स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने,

ग) उद्देश्य:

- युवामा दक्षता र क्षमताको विकास गर्नु,
- युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु,
- शासकीय प्रक्रिया एवं सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु,
- युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु ।

घ) रणनीति

- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासमा अवसर विस्तार गर्ने,
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने,
- युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने,
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने,
- तीन तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने,
- युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने,
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने,

(ङ) कार्यनीति

- प्राविधिक तथा व्यवसायिक तालिमका अवसर अभिवृद्धि गरी युवा उद्यमशिलताका लागि संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य गरिनेछ ।
- व्यवसायिक सीप विकासका लागि आवश्यक पर्ने प्राविधिक तथा व्यावसायिक तालिमको पाठ्यक्रम विकास र तर्जुमा गर्दा तालिम प्रदायक निकाय, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।
- युवामा उद्यमशिलता र विकासका लागि बजारको माग अनुसार परामर्श सेवा तथा पैरवी सेवा र प्राविधिक सहयोग विस्तार गरिनेछ ।
- युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउन आवश्यक सहयोग उपलब्ध गराउन हरेक स्थानीय तहमा संयन्त्रहरू विकास गरिनेछ ।
- वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका, ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।
- परम्परागत पेसा र व्यवसायको जगेर्ना, परिष्कृत, प्रवर्द्धन र व्यवसायीकरणमा युवा सहभागिता अभिवृद्धि गरिनेछ ।
- युवामैत्री उद्यमशीलता सम्बन्धी परामर्श तथा पैरवी सेवा र प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।
- युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धिको लागि अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाईने छ ।
- युवाद्वारा सञ्चालित उद्यम तथा व्यवसायको विमा र कर्जाको सुरक्षणको व्यवस्था गरिने छ ।
- बैंक तथा वित्तीय संस्थाबाट उद्यम तथा व्यवसाय सञ्चालनका लागि युवालाई सहज रूपमा सहुलियतपूर्ण कर्जाको सुविधा उपलब्ध गराईने छ ।
- सार्वजनिक नीजि साझेदारीको माध्यमबाट युवा लक्षित उद्यम व्यवसायको प्रवर्द्धन गरिने छ ।
- युवामा सिर्जनशिलता एवं उद्यमशिलताको विकास गर्न युवाद्वारा सञ्चालित नवप्रवर्तनीय आयोजनामा प्रतिष्पर्धाको माध्यमबाट लगानी गरिने छ ।
- प्रत्येक प्रदेशमा एक/एक वटा युवा नवप्रवर्तन केन्द्र स्थापना गरिने छ ।
- हरेक स्थानीय तहमा नमूना युवा संसदको अभ्यास र युवाक्लबको गठन तथा परिचालन गरिने छ ।
- शासकीय प्रक्रिया, नीति निर्माण तथा कार्यान्वयनमा युवाको समावेशी सहभागिता अभिवृद्धि गरिने छ ।

- तीन तहका सरकार, नीजि क्षेत्र र गैरसरकारी क्षेत्रबाट निर्माण गरिने नीति नियमहरू युवामैत्री बनाईने छ ।
- देशको आर्थिक तथा सामाजिक विकासमा युवालाई जिम्मेवार बनाउन स्वयंसेवा कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने छ ।
- सामाजिक कुरीति, अन्धविश्वास, विभेद र असमानता विरुद्ध युवा परिचालन गरिने छ ।
- प्रदेश र स्थानीय तहको सहकार्यमा स्काउटको आधारभूत मूल्य मान्यताको विस्तार गरिने छ ।

## स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७४

नेपाल सरकारले स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ सालमा जारी गरेको छ । जसमा स्थानीय तहको वार्षिक योजना निर्माण तथा बजेट विनियोजन प्रक्रियालाई सहभागितामूलक बनाई बढीभन्दा बढी प्रतिफल प्राप्त गर्न सकिने उल्लेख छ । निर्देशिकाले योजना तथा बजेट तर्जुमा सहभागितामूलक रूपमा नतिजामूलक ढंगबाट गर्नुपर्ने उल्लेख छ । उक्त निर्देशिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको सात चरणको बारेमा उल्लेख गरिएको छ । जुन देहाय बमोजिम रहेका छन्:

(१) संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने,

(२) स्रोत अनुगमन र कुल बजेट सीमा निर्धारण

(३) वस्ती/टोलस्तरबाट योजना छनौट

(४) वडास्तरीय योजना प्राथमिकीकरण

(५) बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी,

(६) गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने,

(७) गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृत ।

यी सात चरण मध्ये तेस्रो चरणको बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट गर्ने क्रममा युवाले सक्रिय रूपमा सहभागी भएर शासन प्रणालीमा आफ्नो बलियो उपस्थिति देखाउन सक्छन् । यसक्रममा योजना तर्जुमा प्रक्रियामा आफू संलग्न भएर सिमान्तकृत र पछाडि पारिएका वर्ग तथा समुदायलाई प्राथमिकतामा राखेर योजना तर्जुमाको लागि पहल गर्न सक्छन् । यसैगरी युवाले आफ्नो वर्ग तथा समुदायको लागि पनि आवश्यक पर्ने योजना तथा कार्यक्रमलाई व्यवस्थित ढंगले प्रक्रियागत रूपमा माग गर्न सक्छन् । जसबाट स्थानीय तहबाट युवामैत्री शासनको लागि उपयुक्त वातावरण निर्माण हुन्छ ।

## राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ :

यस नीतिले महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यकमाथि हिंसा, विभेद, असमानता, कुरीति तथा सामाजिक रूपमा हानिकारक रहेका अभ्यास तथा व्यवहारको अन्त्यको नीतिगत सुनिश्चितता प्रदान गरेको छ । यसैगरी लैङ्गिक समानता स्थापना गर्नका लागि संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्यलाई सुद्धृढ बनाउँदै राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतीलाई संस्थागत गर्न योजना, नीति, तथा कार्यक्रम, वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाई समृद्ध र न्यायपूर्ण राज्यको स्थापनाको बारेमा नीतिगत व्यवस्था गरेको छ । साथै घरेलु हिंसा, मानव बेचबिखन, तथा ओसारपसार, महिला, किशोरी तथा बालिकामाथि हुने घरेलु तथा यौनहिंसा, छाउपडी, बहुविवाह, दाईजो प्रथाले महिला तथा किशोरीमाथिको शारीरिक तथा मानसिक हिंसाको अन्त्यको लागि पनि व्यवस्था गरेको छ ।

## घरेलु हिंसा (संजाय तथा कसूर) ऐन २०६६

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घरपरिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न र घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्न यो ऐन जारी भएको हो । यस ऐनले घरेलु हिंसाको उजुरी नेपाल प्रहरी वा राष्ट्रिय महिला आयोग वा स्थानीय तहमा पनि दिन सकिने व्यवस्था गरेको छ । घरेलु हिंसा नियन्त्रणमा स्थानीय तहको भूमिकालाई पनि यसले थप व्याख्या गरेको छ ।

## कार्यस्थलमा हुने यौन दुर्व्यवहार (निवारण) ऐन, २०७१

सुरक्षित स्वच्छ तथा मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गर्दै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने यस ऐनको मुख्य उद्देश्य रहेको छ ।

## मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण र पुर्नस्थापना गर्ने बारेमा यस ऐनले आवश्यक कानूनी व्यवस्था गरेको छ ।

## मैत्री स्थानीय शासनसँग सम्बन्धित अन्य प्रयासहरू

नेपालमा मैत्री स्थानीय शासनका बारेमा विभिन्न प्रयास र प्रयत्नहरू भईरहेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७९, निर्माण गरी लागू गरेको छ । स्थानीय तहको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बाल अधिकार सुनिश्चित भएको स्थानीय तह निर्माणमा सहयोग पुऱ्याउन निर्देशिकाले व्यवस्था गरेको छ । साथै शासकीय प्रणाली र सेवा प्रवाहमा बालबालिकाका सवालहरूलाई सम्बोधन हुने गरी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूबीचमा एकरुपता ल्याउन र सामञ्जस्यता कायम गर्ने कार्य समेत गरेको छ । यसले बालमैत्री स्थानीय शासनका ५१ वटा न्यूनतम सूचकहरू समेत उल्लेख गरेको छ ।

युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले २०७५ सालमा युवामैत्री स्थानीय तह दिग्दर्शन जारी गरेको थियो । यस दिग्दर्शनले ४० वटा सूचक उल्लेख गरेको थियो र देशभरीका १३ वटा स्थानीय तहलाई नमूनाको रूपमा छनौट गरी युवामैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरेको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बालश्रम मुक्त स्थानीय तह घोषणा कार्याविधि, २०७७ निर्माण गरी लागू गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ निर्माण गरी लागू गरेको छ । यसले बालबालिका तथा किशोरकिशोरीमा रहेको कुपोषणको समस्यालाई सम्बोधन गर्न बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसैगरी वातावरणमैत्री स्थानीय शासन, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, किशोरकिशोरीमैत्री, बालविवाह मुक्त स्थानीय तह, खोपयुक्त, पूर्ण सरसफाइयुक्त स्थानीय तह जस्तो अभियान जारी छन् ।

# सत्र : ४

# युवाका साझा सवालहरू

उपशीर्षक :

(क) संघ, प्रदेश र स्थानीय तहमा युवाका समसामयिक साझा सवालहरू

(ख) साझा सवालहरूको सम्बोधनमा युवाको भूमिका

उद्देश्य : यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू आफ्नो संघ, प्रदेश र आफू प्रतिनिधित्व गर्ने स्थानीय तहमा युवाका साझा र समसामयिक सवालहरू पहिचान गर्न सक्नेछन् ।
- पहिचान भएका साझा सवालहरूको सम्बोधनका लागि युवाको साझा प्रयासहरूका सम्बन्धमा छलफल गर्नेछन् ।

तालिम सामग्री : ह्वाइट बोर्ड, मार्कर, मेटा कार्ड

विधि : प्रश्नोत्तर र खुल्ला छलफल

समय : १ घण्टा ३० मिनेट

## सत्रको विस्तृत विवरण

- सहभागीहरूलाई हामीले अघिल्लो सत्रमा विभिन्न युवासँग सम्बन्धित नीतिगत व्यवस्थाहरूको वारेमा छलफल गर्‍यौं, कतिपय व्यवस्थाहरू यहाँहरूलाई पहिला पनि जानकारी थियो होला, कतिपय व्यवस्थाहरू नयाँ पनि थिए होलान् भनी छलफल गर्ने । यस सत्रमा हामीले युवासँग सम्बन्धित साझा सवालहरू विशेषगरी तपाईंहरूको आफ्नै प्रदेश र तपाईंहरूका आ–आफ्ना स्थानीय तहसँग सम्बन्धित साझा सवालहरूका सम्बन्धामा छलफल गर्नेछौं भनी जानकारी गराउने,
- प्रदेश र तपाईंहरूका आ–आफ्ना स्थानीय तहमा के–कस्ता युवासँग सम्बन्धित समसामयिक र साझा सवालहरू रहेका छन् भनी प्रश्न गरी त्यस्ता समसामयिक र साझा सवालहरूको पहिचान गर्न सहभागीहरूका लागि समय उपलब्ध गराउने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण, जलवायु परिवर्तन, सुशासन, मानव अधिकार, सुरक्षित आप्रवासन, नयाँ प्रविधिको प्रयोग र साइवर सुरक्षा लगायतका धेरै सवालहरू छलफलबाट आउन सक्दछन् त्यस्तो सवालहरू सहभागीहरूलाई मेटा कार्डमा लेख्न लगाएर

प्रस्तुत गर्न दिने र अरु पनि सवालहरू छुटेका छन् भने सहजकर्ताले त्यस्ता सवालहरू पनि थप गर्ने,

- सहभागीहरूले पहिचान गरेका साझा सवालहरूलाई सवालहरूको विषय वस्तुहरूका आधारमा विभाजन गर्ने,
- सहभागीहरूलाई उनीहरूको रुची, जानकारी र अनुभवका आधारमा पालोपालो यस्ता सवालहरूका सम्बन्धमा आफ्ना विचारहरू राख्न समय दिने र आफ्ना विचार राख्ने क्रममा त्यस्ता सवालहरूको सम्बोधनका लागि गरिएका र गर्नुपर्ने प्रयासहरूका सम्बन्धमा पनि आफ्ना विचारहरू राख्न दिने,
- सहजकर्ताले साझा सवालहरूका सम्बन्धमा आफ्ना विचारहरू राख्ने, सहभागीहरूमा विषयगत र व्यवहारगत स्पष्टता कायम गर्ने र युवाहरुले परिवार तह, सामाजिक तह र नीतिगत तहमा खेल्नुपर्ने भूमिकाका सम्बन्धमा छलफल र साझा बुझाइको विकास गर्ने ।

## युवाका साझा सवालहरू

### लैङ्गिकता

सामाजिक र सांस्कृतिक आधारमा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक छुट्याउन समाजले जे–जस्ता आधारहरू तयार गरेको छ त्यसलाई "जेण्डर, सामाजिक लिङ्ग वा लैङ्गिकता" भनिन्छ । यो समाजले बनाएको हो, जुन परिवर्तनशील हुन्छ यसलाई एक वाक्यमा भन्ने हो भने लैङ्गिकता भनेको सामाजिक सांस्कृतिक संरचनाले महिला, पुरुष र यौनिक तथा अल्पसंख्यकलाई छुट्याउन गरेको परिभाषा हो भन्न सकिन्छ । शारीरिक/जैविक बाहेक समाजले बनाएको सामाजिक सांस्कृतिक रूपमा महिला/पुरुष तथा यौनिक तथा अल्पसंख्यकलाई कस्तो किसिमको भूमिका, जिम्मेवारी, काम दिन्छ, तिनीहरूलाई कस्तो किसिमको मानसिकता र व्यवहारमा विकास गर्न सिकाउँछ, मूल्यमान्यतामा हुर्काउँछ त्यो लैङ्गिकता (जेण्डर) हो । यो समय, स्थान, वर्ग, जातजाति, समुदायअनुसार फरक हुन्छ ।

महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सम्बन्धमा केही सामाजिक मान्यताहरू छन्, जुन समाजले बनाएको हो । कुनै स्वभाव महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जस्को पनि हुन सक्दछ तर समाजले निश्चित लिङ्गको यस्तो नै स्वभाव वा विशेषता छ वा हुनुपर्दछ भन्ने मान्यता राखेको हुन्छ जुन जेण्डर अर्थात लिङ्गकता हो । उदाहरणको लागि आवश्यकता परेको अवस्थामा महिला पनि निडर, आत्मविश्वासी र कठोर हुनसक्दछन् भने पुरुषहरू पनि नरम, दयालु र सरल हुन्छन् तर समाजले यसलाई फरक तरिकाले व्याख्या गर्दछ ।

जन्मेको अवस्थादेखि बच्चालाई उसको लिङ्गको आधारमा केटा वा केटी वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक जन्मिन्छ तर पुरुष र महिलामा ढाल्न जुन सामाजिक र सांस्कृतिक प्रक्रिया शुरु हुन्छ, त्यसैलाई सामाजिकीकरण भनिन्छ । छोरीछोरालाई बोलिने भाषा, सांस्कृतिक व्यवहार, लगाईदिने पोशाक, दिने खेलौना, उनीहरूलाई दिइने कामको जिम्मेवारी जस्ता कुराहरूले उनीहरूको सामाजिकीकरण फरक–फरक तरिकाले गरिदै लगिन्छ । जसमा परिवार र समाजमा रहेका अन्य विभिन्न सामाजिक संरचना संलग्न हुन्छन् ।

एउटा सानो उदाहरण हेरौँ । मनिता विवाह अघि माइती गाँउको युवाक्लबमा क्रियाशील थिइन् । माइतीमा उनले सबैलाई मद्दत गर्थिन् । गाँउमा आफ्नो परिवार होस् वा छिमेकमा जसलाई जे सहयोग चाहिए पनि पहिलो नाम मनिता कै आउथ्यो । सबैले छोरी होस् त मनिता जस्तो भन्दथे । विवाहपछि भने उनको दिनचर्या पुरै फेरिएको छ। घरपरिवारको कार्यबोझले मनिताको पढाइ, माइती गाँउ हुँदाको समाजसेवाको अनुभव र रहर सबै अहिले मारिएका छन् । घरायसी निर्णय प्रक्रियामा पनि उनको खासै सहभागिता हुँदैन ।

## सामाजिक समावेशीकरण

समाजका निश्चित वर्ग, जाति, लिङ्ग, क्षेत्र, उमेर, संख्या, धर्म, अवस्था जस्तै अपाङ्गता, आर्थिक स्थिति आदिलाई आधार मानेर समाजका नागरिकलेप्राप्त गर्नुपर्ने हैसियतबाट वञ्चित हुनु वञ्चितीकरण हो । विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक वा अन्य विभिन्न कारणले मूलप्रवाहमा समेटिन नपाएकाहरू विस्तारै अवसरदेखि टाढिदै जानु र सामाजिक अन्तरहरूको दायरा फराकिलो बन्दै जानु, वञ्चितीकरणको स्थिति आउनु र समाजमा सामाजिक सांस्कृतिक अभ्यासका रूपमा स्थापित हुँदै जानु वञ्चितीकरण हो ।

समावेश भएको अवस्था अर्थात सामाजिक वा अन्य कुनै आधारमा वञ्चितीमा नपरेको अवस्था नै सामाजिक समावेशीकरण हो । समावेशीकरण भन्नाले सामाजिक, सांस्कृतिक वा अन्य कुनै पनि आधारमा हुने हिंसा, विभेद, उत्पिडन, कुरीतीको अन्त्य भएको अवस्था हो । सार्वजनिक जिम्मेवारीमा समावेश नगरिएका वा वञ्चितिमा परेका जस्तै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, युवा, अल्पसंख्यक, अपाङ्गहरूलाई विभिन्न प्रक्रिया, व्यवस्था तथा उपायहरूद्वारा नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने तहमा पुगेको अवस्थालाई सामाजिक समावेशीकरण भनिन्छ ।

## जलवायु परिवर्तन

जलवायु परिवर्तन भन्नाले पृथ्वीको औसत सतह तापक्रममा आउने वृद्धिलाई बुझाँउछ । जलवायु परिवर्तनको प्रमुख कारण खनिज ईन्धनको (पेट्रोलियम पदार्थ जस्तै कोइला, ग्यास, तेल आदि) अत्याधिक मानवीय प्रयोग हो जसको कारणले वायुमण्डलमा कार्वनडाईअक्साईड तथा अन्य विषालु ग्याँस अत्यधिक मात्रामा सिर्जना भईरहेको छ ।

यसरी चाहिनेभन्दा बढी यस्ता ग्याँसहरूको उत्पादनले पृथ्वीको तापक्रम बढाइरहेको हुन्छ । पृथ्वीको तापक्रम वृद्धिका कारणले पानी पर्ने समयमा परिवर्तन हुनु, निरन्तर अतिवृष्टि हुनु वा खण्डवृष्टि हुनु, लामो समयसम्म खडेरी पर्नु, निरन्तर तापक्रम बढ्दै जानु र समयभन्दा अघि नै हिमाली क्षेत्रहरूमा हिउँ पग्लिने तथा बढ्दो खडेरीको स्तरलाई नै वैज्ञानिकहरूले जलवायु परिवर्तन मानेका छन् । कृषि वालीहरूमा पनि नयाँ तथा पहिचान गर्न नसकिने खालका रोग तथा किराको समस्याहरू देखा परेको छ । यसका साथै विभिन्न प्रजातिका बोटविरुवा, पशु तथा पंक्षीहरू पनि लोप हुँदै गईरहेको अवस्था छ । कृषि, जलस्रोत, जल उत्पन्न प्रकोप, मानव स्वास्थ्य र जिविकोपार्जन, महिला तथा विशेष समुदायहरूमा यसको प्रत्यक्ष असर परिरहेको छ । जलवायु परिवर्तन अनुकुलनका लागि अपनाउनुपर्ने रणनीतिहरूमा एकीकृत उत्पादन प्रणाली तथा बाली विविधीकरण, बीमा, भू-योजना तयारी, दिगो जमिन तथा माटो व्यवस्थापन, जल व्यवस्थापन तथा संरक्षण आदि पर्दछन् ।

## विपद् जोखिम न्यूनीकरण

विपद् जोखिम न्यूनीकरण भनेको कुनै पनि व्यक्तिलाई कुनै प्राकृतिक वा मानवीय विपद्हरूबाट हुने क्षतिबाट जोगाउनु हो अर्थात बढी क्षति हुन नदिनु हो । तसर्थ विपद् जोखिम न्यूनीकरणको आवश्यकतालाई निम्नअनुसार चित्रण गर्न सकिन्छ :

- विपद्बाट हुने जोखिम तथा क्षति न्यूनीकरण गर्न,
- प्रभावितलाई तत्कालीन राहत, उद्धार तथा सहयोग गर्न,
- तीव्र, प्रभावकारी र दिगो पुनर्स्थापना र पुनर्निर्माण गर्न,
- प्रभावित र विस्थापित समुदायलाई सुरक्षित र स्वस्थ जीवन बाँच्न पाउने मानवीय अधिकारको प्रत्याभूति गर्न ।

## सुरक्षित आप्रवासन

मानिसहरू विभिन्न प्रयोजनका लागि आफ्नो स्थानबाट अर्को स्थानमा जान्छन् । गाँउबाट शहर जान्छन् । पहाडबाट तराई झर्छन् । साना शहरबाट ठूला शहर जान्छन् । देशभित्र मात्र होइन विदेशसम्म समेत मानिसहरू विभिन्न खालका अवसरको खोजीमा पुगिरहेका हुन्छन् । नेपालीहरू विशेषगरी अरबी देशहरू र मलेसिया लगायतका देशहरूमा रोजगारीका लागि गईरहेका छन् । करिव ५० लाखभन्दा बढी जनसंख्या मुख्यगरी युवाहरू ती देशहरूमा सस्तो कामदारका रूपमा दु:खपूर्ण काम गर्न बाध्य पारिएका छन् । विदेश जानुअघि आवश्यक जानकारी नहुनु, भाषा नजान्नु, सीप नहुनु, गलत सम्झौताका कारण समस्यामा पर्नु, म्यानपावरहरूबाट झुठ्ठा आश्वासन दिई प्रलोभनमा पर्नु, वैदेशिक रोजगारीमा जाने र उनीहरूका परिवारमा वित्तीय साक्षरता नहुनु, ठूलो ऋृण लिएर जाँदा त्यसको व्यवस्थापन गर्न नसक्नु जस्ता विषयहरू नेपाली सुरक्षित आप्रवासनका जोखिमहरू रहेका छन् । जसका कारण सोचेजस्तो आम्दानी नहुने मात्र होइन, मृत्यु, अङ्गभङ्ग हुने, रोजगारदाताबाट ठगीमा पर्ने र समस्या पर्दा कहाँ जाने, के गर्ने जस्ता उपायहरू नहुने अवस्थाहरू रहेको हुन्छ । विप्रेषणको सही र उत्पादनशील क्षेत्रमा उपयोग नहुनु पनि यसैको एक कारण हो । असुरक्षित आप्रवासनले पारिवारिक सम्बन्ध, बालबालिकाको बालापन र सामाजिक व्यवहारहरूमा समेत नकारात्मक प्रभाव पनि पारिरहेको छ जसलाई सामाजिक मूल्य भनिन्छ ।

## नयाँ प्रविधिको प्रयोग र साइवर सुरक्षा

अहिले युवाहरू विभिन्न खालका नयाँ प्रविधिको प्रयोग गरिरहेका छन् । प्रविधिको विकासले जीवन पद्धतिमा सहजता आएको छ । इन्टरनेट र सोसल मिडियाको प्रयोगले विश्वलाई एउटा गाउँका रूपमा विकास गरेको छ । इन्टरनेट र सोसल मिडियाको प्रयोगमा संवेदनशीलता नहुँदा व्यक्तिगत र आर्थिक सुरक्षा जस्ता विभिन्न खालका सुरक्षामा चुनौति पनि आएको छ । सामाजिक सञ्जालमा सभ्य र संयमित रूपमा प्रस्तुत नहुँदा एउटा स्टाटसका कारण विभिन्न खालका कानूनी झमेला समेत व्यहोर्नु पर्ने अवस्था आउन सक्दछ । भर्चुअल ठगी बढेको छ । सामाजिक अपराधहरूका लागि उत्प्रेरित पनि भएका उदाहरणहरू छन् । प्रविधि, इन्टरनेट र सोसल मिडियाको सही र सिर्जनशील प्रयोगबाट मात्र युवाहरूले धेरै लाभ लिन सक्दछन् ।

## राजनीतिक संस्कार र नागरिक शिक्षा

कुनै पनि राज्यका नागरिकमा राजनीतिप्रति निहित व्यक्तिगत दृष्टिकोण र अनुस्थापन नै तिनको राजनीतिक संस्कार हो । यो यस्तो भावनात्मक धारा हो जसले व्यक्तिका राजनीतिक क्रियाहरूलाई अर्थ प्रदान गर्दछ । राजनीतिक संस्कारले राजनीतिको दुनियामा के भैरहेको छ त्यसको उल्लेख गर्दैन अपितु जनताले ती घटनाहरूबारे के विश्वास गर्दछन् त्यसबारे उल्लेख गर्दछ । राजनीतिक संस्कार धारणा, विश्वास र संवेदनाहरूको एउटा यस्तो समूह हो जसले राजनीतिक प्रक्रियालाई अर्थ र नियमितता प्रदान गर्नुको साथसाथै राजनीतिक प्रणालीमा हुने आचरणलाई सञ्चालन गर्न अन्तर्निहित नियम र परिकल्पना प्रदान गर्दछ ।

## बृहत यौनिकता शिक्षा

विश्वमा एचआईभी तथा यौन प्रसारित संक्रमण र यौन तथा प्रजनन् स्वास्थ समस्याले प्रभाव पारिरहेको अवस्थामा युवाहरूलाई आफ्ना यौनिक तथा सामाजिक सम्बन्धमा जिम्मेवारपूर्ण छनौट गर्न योग्य बनाउन, यौन तथा लैङ्गिक हिंसाबाट बच्न बचाउनका लागि यौन शिक्षा सम्बन्धी मूल्यमान्यता, ज्ञान र सीप प्रदान गर्नु नै वृहत यौनिकता शिक्षाको आधारभूत लक्ष्य हो । युवाहरूलाई व्यक्तिगत सम्बन्धमा, शारीरिक र संवेगात्मक रूपमा आफ्नो यौनिकतालाई निर्धारण गर्न तथा सुखमय बनाउनका लागि उनीहरूमा यौन सम्बन्धी ज्ञान सीप अवधारणा र मान्यताको विकास गर्नु वृहत यौनिकता शिक्षा हो ।

अधिकारमा आधारित शिक्षा, लैङ्गिकता केन्द्रित शिक्षा, यौनिकतासम्बन्धी ज्ञान, अभिवृद्धि र मूल्य मान्यता बढाउने शिक्षा, यौनिकतासम्बन्धी सकारात्मक सोच विकास गर्ने शिक्षा, संवेगात्मक, सामाजिक र व्यवहारजन्य विकास गराउने शिक्षा, यौनिकता सम्बन्धी व्यवहार र दृष्टिकोणको समग्र विकास गराउने शिक्षा, लैङ्गिक हिंसा, समानता, सशक्तिकरण, भूमिका सम्बन्धी सचेतीकरण र सशक्तिकरण गर्ने शिक्षा, यौन संक्रमित रोग, एचआइभी, सुरक्षित गर्भपतन, परिवार नियोजन आदि सम्बन्धी तथ्य र ज्ञान प्रदान गर्ने शिक्षा, स्वस्थ यौन तथा प्रजनन् व्यवहार, आत्मसम्मान, आत्मनिर्णय आदि विकास गराउने शिक्षा, यौनिकता र प्रजनन् स्वास्थ्य सम्बन्धी जीवनोपयोगी सीप सिकाइ जीवन परिवर्तन गराउने शिक्षा, गुणस्तरीय जीवन यापनको लागि सहजीकरण गर्ने शिक्षा आदि विषयवस्तुहरू वृहत यौनिकता शिक्षामा समावेश गरिएका हुन्छन् । यसबाट युवाहरूको सुरक्षित र सम्मानित जीवनका लागि योगदान पुग्दछ ।

## लघु उद्यम विकास

औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम लघु  उद्यम भन्नाले घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैंयाँसम्मको स्थिर पूँजी रहेको, उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, उद्यमी सहित बढिमा नौ जनासम्म कामदार रहेको, वार्षिक कारोबार पचास लाख रुपैंयाँभन्दा कम रहेको र इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको व्यवसाय हो ।

लक्षित समूहको चाहना तथा माग, बजार सम्भावना तथा स्थानीय स्रोतको उपलब्धताको आधारमा कार्यक्रम सञ्चालन, उद्यमशीलताको विकास मार्फत उद्यमी सिर्जना गर्नुपर्दछ । उद्यम स्थापनाका लागि आवश्यक एकिकृत सेवाहरू प्रदान गर्नुपर्दछ । स्थानीय स्तरमा नै रोजगारी सिर्जना, रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना/प्रदान गर्ने र अति गरिब परिवारहरूको लागि साझा सुविधा केन्द्रमार्फत प्रत्यक्ष रोजगारी सेवा उपलब्ध गराउनु पर्दछ । यस्ता कार्यक्रमहरूमा र लघु उद्यम विकासमा युवाहरूको सहभागिता अभिवृद्धिले गरिबी न्यूनीकरण र दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा उल्लेख्य योगदान पुऱ्याउन सकिन्छ ।

# सत्र : ५

# कानून निर्माण प्रक्रिया र युवा सहभागिता

**उपशीर्षक :**

(क) कानून निर्माण प्रक्रिया

(ख) स्थानीय तहको कानून निर्माण प्रक्रियामा युवा सहभागिता

**उद्देश्य : यस सत्रको अन्त्यसम्ममा,**

- सहभागीहरू नेपालको तिनै तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा बताउन सक्नेछन् ।
- विभिन्न तहका सरकारका कानून निर्माण प्रक्रियामा युवासँग सम्बन्धित वा अन्य सामाजिक सवालहरूमा आफ्नो सहभागिता कसरी हुन सक्दछ भन्ने सम्बन्धमा एक अर्कामा छलफल गर्न र व्याख्या गर्न सक्नेछन् ।

**तालिम सामग्री : तीन तहका कानून निर्माण प्रक्रिया सम्बन्धी समूह कार्य सामग्री**

**विधिः खेल विधि, समूह कार्य र भूमिका अभिनय**

**समय : १ घण्टा ३० मिनेट**

## सत्रको विस्तृत विवरण

- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्ने,
- तीन तह (संघ, प्रदेश र स्थानीय)का कानून निर्माण प्रक्रियासँग सम्बन्धित मन्त्रालय, संसद, सभा वा समितिहरूको नाम र मुख्य काम लेखिएको तीन वटा फरक-फरक प्याकेट तयार गर्ने,
- एक/एक प्याकेट एक/एक समूहलाई समूह कार्यका लागि समूह कार्य जिम्मेवारी विवरण सहित उपलब्ध गराउने,
- सहभागीहरूलाई आफूलाई परेको तह र त्यसको कानून निर्माण प्रक्रियाका सम्बन्धमा छलफल गरी सबै समूहका सहभागीहरूमा स्पष्टता कायम गर्न लगाउने, सहजकर्ताले स्पष्टताका लागि आवश्यक सहयोग र समूहमा गई स्पष्टताका लागि सहयोग गर्ने,
- समूहमा छलफल भई स्पष्टता भएपश्चात सानोसानो भूमिका निर्वाहमार्फत आफूआफूलाई

परेको तहको कानून निर्माण कसरी हुन्छ भनी भूमिका अभिनय मार्फत प्रस्तुत गर्न लगाउने,

- प्रस्तुति पश्चात अन्य समूहका सहभागीहरूलाई छलफलका लागि अनुरोध गर्ने,
- विषयगत स्पष्टताका लागि सहजकर्ताले युवामैत्री शासनसँग सम्बन्धित नीतिगत व्यवस्थाहरूको तयारी र सोको निर्माण कसरी हुन्छ भन्ने सम्बन्धमा जानकार भयौ होला भनी छलफल गर्ने र केही थप जानकारी दिनुपर्ने भए दिइ सबै सहभागीहरूमा स्पष्टता कायम गर्ने,
- तीनै समूहको प्रस्तुति पश्चात यसरी तीन तहको कानून निर्माण प्रक्रियामा युवाहरूले आफ्ना सवालहरू वा युवाले पैरवी गर्न चाहेका सवालहरूमा कसरी सहभागिता जनाउन सक्दछ भनी खुल्ला प्रश्न गरी छलफल गर्ने,
- आएका सुझावहरू ह्वाइट बोर्डमा टिप्ने र सहजकर्ताका सुझावहरू समेत थप गरी सत्रको सारांश गर्ने ।

*(सहजकर्ताका लागि नोट : यस सत्रका लागि सहजकर्ताले तिनै तहको कानून निर्माण सम्बन्धी प्रक्रियाका सम्बन्धमा जानकार हुनु आवश्यक छ । साथै संघीय र प्रदेश सभाको नियमावली र कम्तिमा कुनै एक स्थानीय तहको गाँउ वा नगर सभाको कार्यविधिका सन्दर्भमा जानकार हुनु र सन्दर्भ सामग्रीका रुपमा आफूसँग यस्ता नियमावली र कार्यविधिहरू सत्र सञ्चालनका क्रममा हुनु उपयुक्त हुनेछ ।)*

# कानून निर्माण प्रक्रिया र युवा सहभागिता

कानून बनाउने काम संसद अर्थात व्यवस्थापिकाको हो । कार्यान्वयन गर्ने कार्यपालिका अर्थात सरकारको हो । कानून कार्यान्वयनमा समस्या भए वा त्यसको व्याख्या गर्नुपर्ने भएमा व्याख्या गर्ने काम न्यायपालिकाको हो । यसरी राज्यका तीनवटा अङ्गहरू मिलेर राज्य सञ्चालन भएको हुन्छ ।

पहिला एक तहको मात्र सरकार भएको अवस्थामा सबै कानूनहरू काठमाडौंमा मात्र संसदले तयार गर्दथ्यो । तर अहिले हामीले तीन तहको सरकारको अभ्यास गरिरहेका छौं । प्रदेश तहमा पनि प्रदेश सभा नामक संसद रहेको छ । त्यसैगरी स्थानीय तहमा पनि नगर र गाउँ सभा रहेको छ जसले आ–आफ्नो तहका लागि कानून निर्माण गर्दछन् ।

संघीय संसद दुई सदनात्मक छ । तल्लो संसदलाई प्रतिनिधिसभा र माथिल्लो संसदलाई राष्ट्रिय सभा भनिन्छ । संघीय तहको कानून दुवै सदनबाट पारित हुनुपर्दछ । प्रदेश तहमा भने एक तहको मात्र संसद छ जसलाई हामी प्रदेश सभा भन्दछौं । स्थानीय तहमा पनि एक तहको मात्र कानून बनाउने सभा छ जसलाई हामी गाँउ वा नगरसभा भन्दछौं । नगरपालिका अथवा गाउँपालिकाभित्र निर्वाचित सम्पूर्ण सभाका सदस्यहरू मिलेर गाउँ वा नगर सभाको गठन गरिन्छ ।

संघीय संसदले बनाएको कानून देशभर लागू हुन्छ । प्रदेश तहले बनाएको कानून प्रदेश तहमा लागू हुन्छ भने स्थानीय तहले बनाएको कानून सम्बन्धित स्थानीय तहमा मात्र लागू हुन्छ । संघीय सरकारले बनाउने कानून अन्तर्राष्ट्रिय प्रतिवद्धता, मूल्यमान्यता र संविधानको विद्यमान व्यवस्थाका आधारमा तयार गरिन्छ । प्रदेश कानून संविधान र संघीय तहको कानूनसँग नबाझिनेगरी तयार गरिन्छ । स्थानीय तहको कानून ती माथिका दुवै तहको कानूनहरू र संविधानसँग नबाझिने गरी तयार गर्नुपर्दछ । सबै तहले सबै कानून बनाउनै पर्दछ भन्ने छैन जहाँ संघीय कानूनले नै पुग्दछ त्यहाँ थप प्रदेश र स्थानीय कानून आवश्यक नपर्न सक्दछ । तर प्रदेश र स्थानीय तहको पृष्ठभूमीका आधारमा संघीय कानूनले गरेको भन्दा थप वा विशेष व्यवस्था गर्नुपर्ने भएमा संघीय कानूनसँग नबाझिनेगरी सम्बन्धित प्रदेश र स्थानीय तहले कानून निर्माण गर्न सक्दछन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को विविध अन्तरगतको दफा १०२ मा स्थानीय कानून बनाउन पाउने व्यवस्था गरिएको छ । जसअन्तरगत (१) गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ । (२) उपदफा (१) बमोजिम बनाइएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ । (३) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) र (२) बमोजिम बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ । (४) उपदफा (१) र (२) बमोजिम बनाएको कानून गाउँपालिका तथा नगरपालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेछ । (५) उपदफा (३) बमोजिम कुनै कानून स्थानीय राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानून लागू हुनेछैन । संघीय संरचनामा तिन तहकै

सरकारमा कानून निर्माण हुने भएकाले युवाहरुले विभिन्न तहको सरकारको संविधानले दिएको जिम्मेवारी अनुसारको कानून निर्माण प्रक्रियामा सहभागी हुनुपर्नछ । संघीय संसद, प्रदेश सभा तथा गाउँ/नगर सभा तहको कानून निर्माण प्रक्रियालाई सहभागितात्मक बनाउन पनि युवाहरुको भूमिका रहन्छ । कानून निर्माण प्रक्रियाको आफ्नै प्रक्रिया छ । सो प्रक्रियाका सम्बन्धमा युवाहरु जानकार भएमा उनीहरुले प्रभावकारी रुपमा आफ्नै उपस्थित देखाउन सक्दछन् ।

## संघीय संरचनामा तीन तहको कानून निर्माण प्रक्रिया

| कानून निर्माणका मुख्य प्रक्रियाहरू | संघीय तह | प्रदेश तह | स्थानीय तह |
|---|---|---|---|
| ऐन कानूनको मस्यौदा गर्ने अर्थात विधेयक तयार गर्ने | संघीय सरकारको सम्बन्धित विभागीय मन्त्रालय उदाहरणका रूपमा युवा सम्बन्धी कुनै कानूनको मस्यौदा गर्नुपरेमा युवा तथा खेलकुद मन्त्रालय | प्रदेश सरकारको सम्बन्धित विभागीय मन्त्रालय | कार्यपालिकाको सम्बन्धित समितिहरू र सम्बन्धित शाखा |
| प्राविधिक पक्षको अध्ययन र पृष्ठपोषण | संघीय सरकारको कानून मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरू र निकायहरू | प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरू र निकायहरू | विधायन समिति, सम्बन्धित विषयगत समिति तथा शाखा, कानून अधिकृत, कानूनी सल्लाहकार |
| संसद वा सभामा पेश गर्ने निर्णय | संघीय मन्त्रीपरिषद् | प्रदेश मन्त्रीपरिषद् | गाउँ वा नगर कार्यपालिका |
| विधेयक संसद वा सभामा दर्ता | नेपाल सरकारको तर्फबाट सम्बन्धित विभागीय मन्त्रालयले | प्रदेश सरकारको तर्फबाट सम्बन्धित विभागीय मन्त्रालयले | कार्यपालिकाको तर्फबाट गाउँ वा नगर सभाले तोकिएको कार्यपालिका सदस्यले |
| प्रस्ताव परिपक्क | संसदमा विधेयक दर्ता भएको ७२ घण्टापछि | सभामा विधेयक दर्ता भएको ७२ घण्टापछि | सम्बन्धित स्थानीय तहको कार्यविधिले तोकेअनुसार |

| | | | |
|---|---|---|---|
| संशोधन प्रस्ताव | संसदका सदस्यहरूले संशोधन प्रस्ताव दर्ता गर्न सक्दछन् | संशोधनका लागि सभाका सदस्यहरूले संशोधन प्रस्ताव दर्ता गर्न सक्दछन् । | सम्बन्धित स्थानीय तहको कार्यविधिले तोकेअनुसार |
| संसद वा सभामा प्रस्तुत गर्ने | सम्बन्धित विभागीय मन्त्री | सम्बन्धित विभागीय मन्त्री | सम्बन्धित कार्यपालिका सदस्य वा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य वा सम्बन्धित स्थानीय तहको कार्यविधिले तोके अनुसार |
| विधेयक माथिको छलफल | संसदमा सैद्धान्तिक छलफल गरिन्छ र दफावार छलफल हुन्छ वा सैद्धान्तिक छलफल पश्चात दफावार छलफलका लागि सम्बन्धित समितिमा छलफलका लागि पठाईन्छ । समितिमा विधेयक पठाइएको अवस्थामा सम्बन्धित समितिले विज्ञ र सरोकारवालाहरूसँग पनि छलफल गर्न सक्दछ । | सभामा सैद्धान्तिक छलफल गरिन्छ र दफावार छलफल हुन्छ वा सैद्धान्तिक छलफल पश्चात दफावार सम्बन्धित समितिमा पठाईन्छ । समितिमा विधेयक पठाइएको अवस्थामा सम्वन्धित समितिले विज्ञ र सरोकारवालाहरूसँग पनि छलफल गर्न सक्दछ । | गाउँ वा नगर सभामा छलफल गरिन्छ वा सम्बन्धित समितिहरूमा छलफलका लागि पठाईन्छ वा सम्बन्धित स्थानीय तहको कार्यविधिमा तोकिए बमोजिम गरिन्छ । |
| पुनः छलफल | यदि विधेयक समितिमा छलफलका लागि पठाइएकोमा समितिमा छलफल पछि पुन संसदमा पेश भई छलफल गरिन्छ । | यदि विधेयक समितिमा छलफलका लागि पठाइएकोमा समितिमा छलफल पछि पुन सभामा पेश भई छलफल गरिन्छ । | गाँउ सभा नगरसभामा छलफल हुन्छ वा सम्बन्धित स्थानीय तहको कार्यविधिमा तोकिए बमोजिम गरिन्छ । |

| | | | |
|---|---|---|---|
| पारित | संघीय तहमा एक तहको संसदबाट पारित भएको विधेयक संसदको आर्को तहमा पठाई पुन छलफल भई पारित गरिन्छ किनकि संघीय तहमा दुई तहको संसद रहेको छ (प्रतिनिधि सभा र राष्ट्रिय सभा) | प्रदेश सभाबाट पारित गरिन्छ । | गाउँ/नगर सभाबाट पारित गरिन्छ । |
| प्रमाणित र प्रमाणीकरण गर्ने | संसदको जुन सदनमा दर्ता भएको थियो सोही सदनको अर्थात प्रतिनिधि सभाको सभामुख वा राष्ट्रिय सभाको अध्यक्षले प्रमाणित गर्ने र राष्ट्रपतिबाट प्रमाणीकरण गरिन्छ । | प्रदेश सभाका सभामुखले प्रमाणित गर्ने र प्रदेश प्रमुखबाट प्रमाणीकरण गरिन्छ । | गाउँ तथा नगर प्रमुखबाट प्रमाणित र प्रमाणीकरण गरिन्छ । |
| राजपत्र प्रकाशन | संघीय राजपत्र | प्रदेश राजपत्र | सम्बन्धित स्थानीय तहको आफ्नै राजपत्र |

## कानूनको कार्यान्वयन

विधेयक प्रमाणीकरण भएपछि राजपत्रमा प्रकाशन हुन्छ । तत्काल लागू हुने, राजपत्रमा प्रकाशित भएपछि लागू हुने वा सबै ठाउँ वा केही स्थानमा लागू हुने कुरा विधेयकमै उल्लेख हुन्छ । सरकार वा सरोकारवाला निकायले कानून कार्यान्वयन गर्दछन् । ऐनमा उल्लेख भएको हक अधिकार, सुविधा वा सुव्यवस्था लागू गरिन्छ । निषेधित गरिएको कुरा भए गरे दण्डित गरिन्छ । कानून कार्यान्वयनमा विवाद उठेमा अदालती निर्णय हुन्छ । अदालतको निर्णय अनुसार पुनः कार्यान्वयन हुन्छ । कानून सुधार गर्नु परे पुनः संशोधन विधेयक संसदमा पेश गरी संशोधन हुन्छ । संसदले कानून निर्माण गर्दछ । कानून निर्माण संसदको प्रमुख काम नै हो । अहिले स्थानीय तहमा पनि गाँउ सभा र नगरसभाले स्थानीय कानून निर्माण गर्ने काम गर्नुपर्दछ । गाउँ र नगरसभाले स्थानीय तहको भूगोल भित्रको विकासको पनि छलफल गर्दछ ।

# सत्र : ६

# युवामैत्री स्थानीय शासनका रणनीतिक योजना

**उपशीर्षक :**

(क) युवामैत्री स्थानीय शासनको सोच, लक्ष्य र उद्देश्य

(ख) रणनीति तथा कार्यनीतिहरू

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू युवामैत्री स्थानीय शासनको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र कार्यनीतिमा समान बुझाइ विकास भई मुख्य कुराहरू बताउन सक्नेछन् ।

**तालिम सामग्री :** फ्लिपचार्ट, मेटा कार्ड, मार्कर

**विधिः** प्रस्तुति, ग्यालरी वाक र छलफल

**समय :** १ घण्टा ३० मिनेट

## सत्रको विस्तृत विवरण

- सहजकर्ताले युवामैत्री स्थानीय शासनका सोच, लक्ष्य र उद्देश्य प्रस्तुति गरी स्पष्टता कायम गर्ने,
- प्रमुख ७ रणनीति र सो रणनीतिसँग सम्बन्धित कार्यनीतिहरूलाई तालिम हलको विभिन्न ७ स्थानहरूमा एकएक गरेर पढ्न मिल्नेगरी मिलाएर टाँसेर राख्ने,
- सहभागीलाई ७ समूहमा विभाजन गर्ने,
- गोलाप्रथाबाट आ–आफ्नो सानो समूहलाई परेको रणनीतिका सम्बन्धमा सम्बन्धित ग्यालरीमा समूहगत छलफलका लागि पठाउने र स्पष्टता कायम गर्ने, छलफल गर्न अनुरोध गर्ने, सबै सहभागीहरूलाई सबै ग्यालरीमा पालोपालो अध्ययन गर्न र छलफल गर्नका लागि समय दिई ग्यालरी वाक गराउने,
- समूहगत स्पष्टता भएपछि सहभागीहरूलाई रणनीतिक योजनाले भन्न खोजेको विषयवस्तु स्पष्ट झल्किने गरी प्रस्तुति गर्न अनुरोध गर्ने,
- सहभागीहरूको प्रस्तुति पछि सहजकर्ताले आफ्ना केही थप्नुपर्ने कुराहरू भए थप गरेर सत्रलाई अन्त्य गर्ने ।

# युवामैत्री स्थानीय शासनका रणनीतिक योजना

देशको समग्र विकास र रूपान्तरण गर्नको लागि युवा वर्गको महत्वपूर्ण भूमिका रहन्छ । युवालाई शासन प्रक्रियामा समाहित गर्दै उनीहरूको लागि र उनीहरू मार्फत विकास तथा शासन प्रक्रिया सञ्चालन गर्दा त्यसले समग्र देश विकासमा सकारात्मक प्रभाव पार्दछ । पन्ध्रौं पञ्चवर्षीय योजनाले लिएको समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्यलाई सफल बनाउन युवाको अधिकार र सहभागितालाई सुनिश्चित हुने गरी स्थानीय तहको नीति योजना, कार्यक्रम, लगायतमा युवाका सवाललाई मूलप्रवाहीकरण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । यसै सन्दर्भमा युवामैत्री स्थानीय शासन दिग्दर्शनको सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र कार्यनीति निम्नानुसार उल्लेख गरिएको छ ।

**क) सोच**

युवामैत्री स्थानीय शासनको सुनिश्चितता

**ख) लक्ष्य**

सन् २०३० सम्म सम्पूर्ण स्थानीय तहलाई युवामैत्री बनाउने

**ग) उद्देश्य**

- स्थानीय तहले निर्माण गर्ने सम्पूर्ण नीति, नियम, कानून, कार्यविधि, रणनीति तथा कार्यनीतिलाई युवामैत्री रूपमा निर्माण गर्ने,
- स्थानीय तहले निर्माण गर्ने आवधिक योजना, नीति तथा कार्यक्रम र वार्षिक बजेटमा युवालाई प्राथमिकता दिने,
- स्थानीय तहले प्रदान गर्ने शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद मनोरञ्जन, सामाजिक सुरक्षा लगायतका कार्यमा युवाको परिचालन, सहभागिता र नेतृत्व विकासलाई सुनिश्चित गर्ने,
- स्थानीय तहले निर्माण गर्ने नीति, योजना, कानून तर्जुमा गर्दा युवाको सहभागितालाई सुनिश्चित गर्ने,
- स्थानीय तहले सञ्चालन गर्ने विभिन्न आयोजना तथा परियोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा युवाको सहभागितालाई सुनिश्चित गर्ने,
- विद्यालय, स्वास्थ्य चौकी लगायत अन्य सार्वजनिक सेवा प्रदायक निकायहरूलाई युवामैत्री बनाउने,
- स्थानीय तहले गर्ने योजना तथा बजेट निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण संलग्नतालाई सुनिश्चित गर्ने,

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका र अन्य विशेष किसिमका युवालाई विशेष व्यवस्था गरी शासकीय प्रक्रियामा समाहित गर्दै लैजाने ।

## रणनीति तथा कार्यनीति

युवामैत्री स्थानीय शासन स्थापनाको लागि निम्नानुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

| | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | नीति तथा कानून निर्माण तहमा युवाको अर्थपूर्ण संलग्नता | १) स्थानीय तहले निर्माण गर्ने सम्पूर्ण नीति, नियम र कानूनलाई बढी भन्दा बढी युवाको सहभागिता र संलग्नतामा निर्माण गर्ने अभ्यासको थालनी गरिने छ ।<br>२) स्थानीय तहले निर्माण गर्ने सम्पूर्ण नीति, नियम, तथा कानून निर्माण प्रक्रियामा युवाक्लबको संस्थागत प्रतिनिधित्व सुनिश्चित गरिने छ ।<br>३) स्थानीय तहका नीति निर्माण तथा शासन प्रक्रियामा युवाको हक अधिकारलाई स्थापित गराउनको लागि नीतिगत व्यवस्था गरिने छ ।<br>४) युवामैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि तथा निर्देशिका उनीहरूकै सहभागितामा तर्जुमा गरी कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिने छ ।<br>५) स्थानीय तह अर्न्तगत निर्माण भईसकेका विद्यमान नीति, नियम तथा कानूनलाई युवामैत्री हुने गरी संसोधन गरिनेछ ।<br>६) नेपाल पक्ष राष्ट्र रहेका अर्न्तराष्ट्रिय स्तरमा भएका युवासँग सम्बन्धित महासन्धी, अभिसन्धी, प्रतिवद्धता तथा अन्य नीतिगत प्रावधानहरूको स्थानीय तहमा कार्यान्वयनको लागि आधार निर्माण गरिनेछ । |

| | | |
|---|---|---|
| २ | प्रमुख सरोकारका सवालमा युवासँग समन्वय र सहकार्य | १) युवाका प्रमुख सरोकारका विषयवस्तुमा निरन्तर समन्वय गर्ने व्यवस्थित प्रणाली निर्माण गरिने छ ।<br>२) गुणस्तरीय तथा व्यवसायिक शिक्षा प्राप्तिको लागि स्थानीय तहबाट सञ्चालन गर्ने कार्यक्रम तथा गतिविधिमा युवासँग सहकार्य गरिने छ ।<br>३) युवामा उद्यमशिलता विकास गर्नको लागि आवश्यक कार्य गरिने छ ।<br>४) मानसिक स्वास्थ्य, प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य, लागूपदार्थ प्रयोग नियन्त्रण तथा अन्य स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन तथा कार्यान्वयनमा युवाक्लबसँगको समन्वय र सहकार्यलाई उच्च प्राथमिकता दिईने छ ।<br>५) स्थानीय तहले युवाको सामाजिक सुरक्षाको लागि विशेष प्याकेजको निर्माण गर्नेछ ।<br>६) युवालाई “डिजिटल क्राईम” तथा “डिजिटल सेक्युरिटी”का बारेमा अभिमुखीकरण/तालिम प्रदान गरिने छ ।<br>७) स्थानीय तहले सञ्चालन गर्ने सामाजिक, आर्थिक तथा भौतिक विकास तथा योजनाहरूको तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रक्रियामा युवासँगको समन्वय र सहकार्यलाई संस्थागत रूपमा अगाडि बढाईने छ ।<br>८) युवालाई जलवायु परिवर्तन तथा वातावरण संरक्षण, विपद् पूर्वतयारी र व्यवस्थापनका बारेमा आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>९) स्थानीय तह अर्न्तगतका सम्पूर्ण विद्यालयमा खेलमैदानको व्यवस्था गरिने छ ।<br>१०) प्रत्येक वडामा खेलमैदानको व्यवस्था गरिने छ ।<br>११) प्रत्येक वडामा मनोरञ्जनस्थल तथा पार्कको निर्माण गरिने छ । |

| | | |
|---|---|---|
| ३ | नीतिगत व्यवस्था तथा युवाको क्षमता अभिवृद्धि | १) स्थानीय तहले निर्माण गरेका नीति तथा कानून कार्यान्वयनमा युवालाई स्थापित गराउन नीतिगत व्यवस्था गरिने छ ।<br>२) युवामैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि, निर्देशिका निर्माण गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिने छ ।<br>३) विद्यमान नीति, नियम, कानून, कार्यविधि तथा निर्देशिकालाई युवामैत्री हुनेगरी संसोधन गरिने छ ।<br>४) स्थानीय तह अर्न्तगतका समुदायस्तरमा युवाका चासो तथा सरोकारका विषयवस्तुहरूमा नियमित रूपमा छलफल, बहस, तथा अर्न्तक्रिया तथा चेतना अभिवृद्धि गर्ने कार्य नियमित रूपमा सञ्चालन गरिने छ ।<br>५) युवालाई आवश्यक पर्ने सूचना नियमित रूपमा सञ्चार माध्यमबाट प्रसारण तथा प्रकाशन हुने व्यवस्था मिलाईने छ ।<br>६) जीवन उपयोगी क्षमता, क्षमता अभिवृद्धि तथा सशक्तिकरण सम्बन्धी तालिम सञ्चालन गरिने छ ।<br>७) युवासम्म सूचनाप्रवाह र युवाको गोपनियताको हकलाई स्थापित गर्नको लागि स्थानीय तहले आवश्यक कार्य गर्नेछन् ।<br>८) युवामैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनको अवस्थालाई समेटेर वार्षिक स्थितिपत्र तयार गर्ने र प्राप्त उपलब्धिलाई दिगो बनाउनको लागि आवश्यक पर्ने रणनीति तथा कार्यक्रमहरू तर्जुमा गरिने छ । |

| | | |
|---|---|---|
| ४ | संस्थागत विकास | १) स्थानीय तह, यस अर्न्तगतका निकाय र जिल्ला युवा समितिलाई युवामैत्री स्थानीय शासनको सम्बन्धमा जवाफदेहि र जिम्मेवार निकायको रूपमा विकास गरिने छ ।<br>२) समुदाय तथा वस्तीस्तरमा युवामैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने संस्थागत विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३) स्थानीय तहमा युवामैत्री स्थानीय शासन सम्पर्क एकाईको स्थापना गरिने छ ।<br>४) आफ्नो स्थानीय तह अर्न्तगत समुदाय तथा टोलस्तरमा औपचारिक तथा अनौपचारिक रूपमा सङ्गठित भएका युवाक्लब तथा समूहको सूचिकृत गर्ने, क्लब तथा समूह नभएका समुदायमा गठन गर्न प्रोत्साहित गर्ने, गठन भएका क्लब तथा समूहको क्षमता अभिवृद्धि गर्ने कार्य नियमित रुपमा स्थानीय तहले सञ्चालन गर्नेछन् ।<br>५) समुदाय, टोल, वडा तथा पालिकास्तरमा गठन भएका युवाक्लबलाई युवामैत्री स्थानीय शासन, यसका सूचकको बारेमा क्षमता अभिवृद्धि गरी यसको कार्यान्वयनको लागि संस्थागत विकास गरिने छ ।<br>६) युवासँग प्रत्यक्ष र परोक्ष रूपमा सरोकार राख्ने संरचनाहरूमा संस्थागत रूपमा युवाको प्रतिनिधित्वको प्रणाली विकास गरिने छ ।<br>७) स्थानीय तहले राष्ट्रिय युवा परिषद्, प्रदेश युवा समिति, जिल्ला युवा समिति तथा युवा क्लबसँगको समन्वय र सहकार्यमा विभिन्न तालिम, गोष्ठी, अवलोकन भ्रमण, अनुभव आदानप्रदान, अनुसन्धान, अध्ययन, छलफल तथा अर्न्तक्रिया लगायतका क्रियाकलाप नियमित रूपमा सञ्चालन गरी सम्बन्धित स्थानीय तहका पदाधिकारी, कर्मचारी, तथा युवाको क्षमता अभिवृद्धि गरिने छ ।<br>८) स्थानीय तहमा युवामैत्री स्थानीय शासन स्रोत केन्द्रको स्थापना गरी नियमित रूपमा सूचना प्रवाह र युवामैत्री स्थानीय शासनको प्रवर्द्धन गरिने छ । |

| | | |
|---|---|---|
| ५ | विशेष वर्ग समुदायका युवालाई विशेष व्यवस्था | १) जातीय, भौगोलिक, लैङ्गिक, धार्मिक, क्षेत्र, समूह, समुदाय विपन्न लगायतका वर्ग तथा समुदायका युवालाई मूलप्रवाहीकरण गर्नको लागि विशेष व्यवस्था गरिनेछ ।<br>२) सम्पूर्ण वर्ग, क्षेत्र, लिङ्ग, समुदाय तथा अशक्त, अपाङ्गता, असहाय भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक युवाको आवश्यकता सम्बोधन हुने गरी स्थानीय तह मार्फत विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिने छ ।<br>३) युवामैत्री स्थानीय शासन कार्यान्वयनको सन्दर्भमा गठन गरिएका संरचना तथा समितिमा आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, शैक्षिक दृष्टिकोणले पछाडि पारिएका वर्ग तथा समुदायका युवाको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिने छ ।<br>४) स्थानीय तहमा खेलकुद विकास समितिको गठन गरिनेछ । यसरी गठित समितिमा कम्तीमा ४० प्रतिशत महिला सहित यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाती लगायतको समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गरिने छ। |
| ६ | प्रमुख सरोकारवाला निकाय बीचमा सहकार्य र साझेदारीको प्रवर्द्धन | १) युवामैत्री स्थानीय शासन कार्यक्रमलाई सहजतापूर्वक सञ्चालन गर्नको लागि यससँग सम्बन्धित प्रमुख सरोकारवाला निकायहरू सरकारी, गैरसरकारी, नीजि क्षेत्र, युवा संघसंस्थाको बीचमा प्रभावकारी सहकार्य र साझेदारीको व्यवस्था मिलाईने छ ।<br>२) युवा अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेदार बीचमा सहकार्य र साझेदारीलाई प्रभावकारी बनाईने छ ।<br>३) युवामैत्री स्थानीय शासनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धित स्थानीय तहको नेतृत्व र सरोकारवाला निकायहरूको बीचको समन्वय र सहकार्यमा सञ्चालन गरिने छ ।<br>४) युवामैत्री स्थानीय शासनसँग सम्बन्धित विभिन्न साझेदार निकायको सफल अनुभव र अभ्यासलाई अनुसरण गरिने छ ।<br>५) सञ्चारमाध्यमलाई प्रमुख सरोकारवालाको रूपमा लिई प्रभावकारी सहकार्य र साझेदारीको वातावरण निर्माण गरिने छ । |

| | | |
|---|---|---|
| ७ | अनुगमन तथा मूल्याङ्कन | १) युवामैत्री स्थानीय शासन सम्बन्धी सूचकका सम्बन्धमा सरोकार वाला निकायहरूलाई आवश्यक जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतीजाको नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाईने छ ।<br>२) सरकारी, गैरसरकारी, नीजि तथा समुदायस्तरका संघसंस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा युवामैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समेत समावेश गर्ने सुस्पष्ट प्रणालीको विकास गरिने छ ।<br>३) सहभागितामूलक र समावेशी अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण गरी नियमित रूपमा कार्य सञ्चालन गरिने व्यवस्था मिलाईने छ ।<br>४) युवामैत्री स्थानीय शासन स्थापनाको लागि समुदाय, टोल, वस्ती वडा, तथा पालिकास्तरमा प्रभावकारी रूपमा काम गर्ने व्यक्ति, सरकारी तथा गैरसकारी संस्था र नीजि क्षेत्र, युवाक्लब, समूह, विकासका साझेदार लगायतलाई पहिचान गरी प्रोत्साहन र पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ । |

# सत्र : ७

# युवामैत्री स्थानीय शासनका सूचक र पुष्ट्याईका आधारहरू

**उपशीर्षक :**

(क) युवामैत्री स्थानीय शासनका सूचकहरू र मापनको विधिहरू

(ख) सूचक पुष्ट्याईका आधारहरू

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू युवामैत्री स्थानीय शासनका सूचकहरू, मापनको विधि र सोसँग सम्बन्धित पुष्ट्याईका आधारहरूको सङ्कलन र प्रमाणीकरणका सम्बन्धमा स्पष्ट भई बताउन सक्नेछन् ।

**तालिम सामग्री :** युवामैत्री स्थानीय शासनका सूचकहरू र प्रमाणीकरणका आधारहरूका प्रतिहरू

**विधि :** व्यक्तिगत र समूहगत अध्ययन, छलफल र अभ्यास

**समय :** २ घण्टा

## सत्रको विस्तृत विवरण

- युवामैत्री स्थानीय शासनका सूचकहरू, मापनको विधि र सोसँग सम्बन्धित पुष्ट्याईका आधारहरूको सङ्कलन र प्रमाणीकरणका आधारहरूलाई विषयगत हिसाबले विभिन्न भागमा विभाजन गरी फरक–फरक विषयसँग सम्बन्धित सूचकहरूलाई फरक–फरक रूपमा पोका पारेर राख्ने ।
- सहभागीहरूलाई युवामैत्री स्थानीय शासनका सूचकहरू, मापनको विधि र सोसँग सम्बन्धित पुष्ट्याईका आधारहरूको सङ्कलन र प्रमाणीकरणका आधारहरूलाई समूहगत रूपमा गोला प्रथा खेल खेलाई उपलब्ध गराउने ।
- गोलाप्रथाबाट आ–आफ्नो सानो समूहलाई परेको युवामैत्री स्थानीय शासनका सूचकहरू, मापनको विधि र सोसँग सम्बन्धित पुष्ट्याईका आधारहरूको सङ्कलन र प्रमाणीकरणका आधारहरू सम्बन्धमा विस्तृत रूपमा समूहमा छलफल गर्न लगाउने ।
- सहजकर्ताले प्रत्येक समूहमा गई आवश्यकता अनुसार स्पष्ट पार्नुपर्ने विषयमा स्पष्टता पार्ने ।
- समूहगत छलफल सकिएपछि सूचक र सूचक प्रमाणीकरणका आधारहरूमा समूहगत प्रस्तुति गराउने ।
- केही अस्पष्टता भएमा सो सम्बन्धमा खुल्ला छलफल गरी सहजकर्ताले सूचकको प्रगति प्रमाणीकरण कसले गर्ने र कसरी हुन्छ भन्ने जानकारी दिई सत्र अन्त्य गर्ने ।

## युवामैत्री स्थानीय शासनका सूचकहरू, मापनको विधि र पुष्ट्याईको आधार

| क्र.सं. | सूचकहरू | मापनको विधि | | | | कुल अङ्क | पुष्ट्–याईएको आधार |
|---|---|---|---|---|---|---|---|
| १ | नीति निर्माण र कार्यान्वयनमा युवा को संलग्नतासँग सम्बन्धित सूचकहरू | | | | | | |
| १.१ | शिक्षा सम्बन्धी नीति मापदण्ड निर्माण समितिमा युवा तथा वयस्कको संयुक्त सहभागिता | वयस्क र युवा दुवैको समान सहभागिता छ (२ अङ्क) | समितिमा युवाको मात्र सहभागिता छ (१) | समिति नै छैन वा युवाको सहभागिता छैन (०) | | २ | |
| १.२ | गाउँ तथा नगर शिक्षा समितिमा युवा तथा वयस्कको संयुक्त सहभागिता | वयस्क र युवा दुवैको समान सहभागिता छ (२ अङ्क) | समितिमा युवाको मात्र सहभागिता छ (१) | समिति नै छैन वा युवाको सहभागिता छैन (०) | | २ | |
| १.३ | विद्यालय व्यवस्थापन समितिमा युवा पदाधिकारीको प्रतिशत | ४०% भन्दा बढी (२ अङ्क) | ३०% देखि ४० % सम्म (१.५ अङ्क) | २०% देखि ३०% सम्म (१ अङ्क) | १०% देखि २०% (०.५ अङ्क) | २ | |
| १.४ | स्वास्थ्य समितिमा युवा तथा वयस्कको संयुक्त प्रतिनिधित्व | वयस्क र युवा दुवैको समान सहभागिता छ (२ अङ्क) | समितिमा युवाको मात्र सहभागिता छ (१) | समिति नै छैन वा युवाको सहभागिता छैन (०) | | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.५ | स्थानीय तहमा निर्वाचित युवाको प्रतिशत | ४०% भन्दा बढी (३ अङ्क) | ३०% देखि ४० % सम्म (२ अङ्क) | २०% देखि ३०% सम्म (१ अङ्क) | १०% देखि २०% सम्म (०.५ अङ्क) | ३ | |
| १.६ | वस्तीस्तरको योजना तर्जुमा समिति वा संरचनामा सहभागी युवाको प्रतिशत | ४०% भन्दा बढी (२ अङ्क) | ३०% देखि ४० % सम्म (१.५ अङ्क) | २०% देखि ३०% सम्म (१ अङ्क ) | १०% देखि २०% सम्म (०.५ अङ्क) | २ | |
| १.७ | योजनाको अनुगमन तथा मूल्याङ्कन समितिमा युवाक्लब सञ्जालको संस्थागत प्रतिनिधित्व | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| १.८ | स्थानीय तहले निर्माण गर्ने नीति तथा कानूनमा युवा संलग्नताको नीतिगत व्यवस्था सुनिश्चितता गरी कार्यान्वयनमा ल्याएको | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| १.९ | स्थानीय तहले युवामैत्री आचारसंहिता र नीति निर्माण गरी कार्यान्वयनमा ल्याएको | छ (२ अङ्क) | केही छ अझ बन्नु पर्ने छ (१ अङ्क) | छैन (० अङ्क) | | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१० | स्थानीय विपद् पूर्व तयारी तथा व्यवस्थापन समितिमा युवाक्लबको प्रतिनिधित्व | छ (२ अङ्क) | छैन (0 अङ्क) | | | २ | |
| २. | युवासँग सम्बन्धित सरोकारका विषयवस्तुसँग सम्बन्धित सूचकहरू | | | | | | |
| २.१ | स्थानीय तह भित्र विद्यालय/कलेज नगएका युवा तथा किशोरकिशोरीको प्रतिशत | १% भन्दा कम (२ अङ्क) | १% देखि ३% (१.५ अङ्क) | ३% देखि ७% (१ अङ्क) | ७% देखि १0% सम्म (0.५ अङ्क) | २ | |
| २.२ | सीपमूलक प्राविधिक शिक्षा तथा उद्यमशिलता सम्बन्धी तालिम प्राप्त गरेका युवाको प्रतिशत | ५0% भन्दा माथि (३ अङ्क) | ४0%देखि ५0 % सम्म (२ अङ्क) | ३0% देखि ४0% सम्म (१ अङ्क) | २0% देखि ३0% सम्म (0.५ अङ्क) | ३ | |
| २.३ | स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक संस्था | प्रशस्त छ (२ अङ्क) | छ तर पर्याप्त छैन (१ अङ्क) | छैन (0 अङ्क) | | २ | |
| २.४ | शिक्षामा विनियोजित निशर्त बजेट प्रतिशत | १0% भन्दा माथि (२ अङ्क) | ७% देखि १0% (१.५ अङ्क) | ५% देखि ७ % (१ अङ्क) | ३% देखि ५% सम्म (0.५ अङ्क) | २ | |
| २.५ | प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा सम्बन्धी तालिम प्राप्त युवाको संख्या | ३0% भन्दा माथि (२ अङ्क) | २0% देखि ३0 % सम्म (१.५ अङ्क) | १0% देखि २0% सम्म (१ अङ्क) | ५% देखि १0% (0.५ अङ्क) | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.६ | युवाको अनुवाई र नेतृत्वमा भएका स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको संख्या | १० भन्दा बढी (२ अङ्क) | ६ देखि ९ वटा (१.५ अङ्क) | ३ देखि ५ वटा (१ अङ्क) | १ देखि २ वटा (०.५ अङ्क) | २ | |
| २.७ | मनोसामाजिक परामर्श केन्द्रको स्थापना तथा सञ्चालन | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| २.८ | प्रजनन् स्वास्थ्य सेवा प्राप्त गर्ने युवा को प्रतिशत | ५०% भन्दा माथि (२ अङ्क) | ४०%देखि ५० % सम्म (१.५ अङ्क) | ३०% देखि ४०% सम्म (१ अङ्क) | २०% देखि ३०% सम्म (०.५ अङ्क) | २ | |
| २.९ | सुरक्षित प्रसुती सेवा लिने युवा महिलाको प्रतिशत | ९०% भन्दा माथि (२ अङ्क) | ८०% देखि ९०% (१.५ अङ्क) | ७०% देखि ८० % (१ अङ्क) | ६०% देखि ७० % (०.५ अङ्क) | २ | |
| २.१० | विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवाको उपलब्धता | छ (२ अङ्क) | केहीमा छ, केहीमा छैन (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| २.११ | विद्यालयमा सेनिटरी प्याडको उपलब्धता (सार्वजनिक र संस्थागत दुवै) | छ (२ अङ्क) | केहीमा छ, केहीमा छैन (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| २.१२ | स्वास्थ्य क्षेत्रमा निसर्त विनियोजित बजेट प्रतिशत | १०% भन्दा माथि (३ अङ्क) | ७% देखि १०% (२ अङ्क) | ५% देखि ७ % (१ अङ्क) | ५% भन्दा कम (० अङ्क) | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१३ | खेलमैदान भएका विद्यालयको प्रतिशत | ९०% भन्दा माथि (२ अङ्क) | ८०% देखि ९०% (१.५ अङ्क) | ७०% देखि ८० % (१ अङ्क) | ६०% देखि ७० % (0.५ अङ्क) | २ | |
| २.१४ | शैक्षिक संस्था बाहेक सार्वजनिक खेल मैदान भएका वडाको प्रतिशत | ९०% भन्दा माथि (३ अङ्क) | ८०% देखि ९०% (२ अङ्क) | ७०% देखि ८० % (१ अङ्क) | ६०% देखि ७० % (0.५ अङ्क) | ३ | |
| २.१५ | स्थानीय तह स्तरीय खेलकुद विकास समितिको गठन | ३३ प्रतिशत महिला सहित छ (२ अङ्क) | गठन मात्र छ समावेशी छैन (१ अङ्क) | छैन (0 अङ्क) | | २ | |
| २.१६ | खेल शिक्षक नियुक्त भएका विद्यालयको प्रतिशत | ९०% भन्दा माथि (३ अङ्क) | ८०% देखि ९०% (२ अङ्क) | ७०% देखि ८० % (१ अङ्क) | ६०% देखि ७० % (0.५ अङ्क) | ३ | |
| २.१७ | वर्ष दिन भित्र अन्तर वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | छ (२ अङ्क) | छैन (0 अङ्क) | | | २ | |
| २.१८ | खेलकुद क्षेत्रको लागि विनियोजित बजेटको प्रतिशत | ५% भन्दा माथि (३ अङ्क) | ४% देखि ५% (२ अङ्क) | ३% देखि ४ % (१ अङ्क) | २% देखि ३ % (0.५ अङ्क) | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१९ | स्थानीय तहमा भएका सार्वजनिक उद्यान तथा पार्क | सबै वडामा १/१ वटा भएमा (२ अङ्क) | ५०% भन्दा बढी वडामा भएमा (१.५ अङ्क) | २५% देखि ५०% सम्म (१ अङ्क ) | १०% देखि २५% सम्म (0.५) | २ | |
| २.२० | जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी तालिम प्राप्त युवाको प्रतिशत | ३0% भन्दा माथि (२ अङ्क) | २0% देखि ३0% सम्म (१.५ अङ्क) | १0% देखि २0% सम्म (१ अङ्क) | ५% देखि १0% (0.५ अङ्क) | २ | |
| २.२१ | २0 वर्ष मुनीको किशोरकिशोरी/ युवाको विवाह र बालविवाह नियन्त्रणका अभियान | 0% बालविवाह (२ अङ्क) | बालविवाह नियन्त्रणको लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरी सकारात्मक परिणाम देखिएमा (१ अङ्क) | बालविवाह नियन्त्रणको लागि नीतिगत व्यवस्था छ (0.५ अङ्क) तर अझ गर्नुपर्ने छ। | छैन (0 अङ्क) | २ | |
| ३ | सहभागिता र नेतृत्व विकास | | | | | | |
| ३.१ | युवा र रोजगार सूचना केन्द्रको स्थापना र सञ्चालन | छ (२ अङ्क) | कुनै एउटा मात्र भएमा (१ अङ्क) | छैन (0 अङ्क) | | २ | |
| ३.२ | सवै वडामा युवाक्लब गठन र वार्षिक रूपमा कम्तीमा ४ वटा बैठक बसेको | छ (२ अङ्क) | छ तर नियमित छैन (१ अङ्क) | छैन (0 अङ्क) | | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३ | गाउँ/नगरपालिका स्तरीय युवा सञ्जाल गठन र वार्षिक रूपमा कम्तीमा ४ वटा वैठक बसेको | छ (२ अङ्क) | छ तर नियमित छैन (१ अङ्क) | छैन (0 अङ्क) | | २ | |
| ३.४ | गाउँपालिका/ नगरपालिका स्तरीय किशोरकिशोरी सञ्जाल गठन र वार्षिक रूपमा कम्तीमा ४ वटा बैठक बसेको | छ (२ अङ्क) | छ तर नियमित छैन (१ अङ्क) | | | २ | |
| ३.५ | संस्थागत विकास अभिमूखीकरण तथा तालिम प्राप्त सञ्जालका सदस्यहरूको प्रतिशत | ८०% भन्दा माथि (३ अङ्क) | ७०% देखि ८०% (२ अङ्क) | ६०% देखि ७० % (१ अङ्क) | ५०% देखि ६० % (0.५ अङ्क) | ३ | |
| ३.६ | नेतृत्व विकास, विपद् व्यवस्थापन, जीवन उपयोगी सीप वा अन्य क्षमता अभिवृद्धि सम्बन्धी तालिम लिएका युवाको प्रतिशत | ८०% भन्दा माथि (३ अङ्क) | ७०% देखि ८०% (२ अङ्क) | ६०% देखि ७० % (१ अङ्क) | ५०% देखि ६० % (0.५ अङ्क) | ३ | |
| ३.७ | "डिजिटल क्राईम र सेक्युरिटी" सम्बन्धी तालिम प्राप्त युवाको प्रतिशत | ३०% भन्दा माथि (२ अङ्क) | २०% देखि ३० % सम्म (१.५ अङ्क) | १०% देखि २०% सम्म (१ अङ्क) | ५% देखि १०% (0.५ अङ्क) | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विशेष वर्ग तथा समुदायका युवालाई विशेष व्यवस्था | | | | | | |
| ४.१ | स्थानीय तहको नीति तथा कार्यक्रममा विशेष वर्ग तथा समुदायका युवा लक्षित कार्यक्रमको व्यवस्था | छ (२ अङ्क) | आंशिक छ (१ अङ्क) | छैन (० अङ्क) | | २ | |
| ४.२ | स्थानीय तहको नीति तथा कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिक लक्षित कार्यक्रम समावेश गरिएको | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.३ | स्थानीय तहको नीति तथा कार्यक्रममा विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक निकायहरू अपाङ्गतामैत्री संरचना निर्माणका बारेमा समावेश गरिएको | छ र कार्यान्वयन छ (२ अङ्क) | व्यवस्था छ आंशिक कार्यान्वयन छ (१ अङ्क) | व्यवस्था छैन वा कार्यान्वयन छैन । (० अङ्क) | | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.४ | स्थानीय तहले नीति निर्माण प्रक्रियामा लैङ्गिक, धार्मिक, जातीय, भौगोलिक रूपमा पछाडि पारिएका र अल्पसंख्यकको प्रतिनिधित्वको नीतिगत सुनिश्चितता | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.५ | स्थानीय तहको नीति तथा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास सम्बन्धी विषय समावेश गरिएको | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.६ | युवा सम्बन्धी बस्तुगत विवरण/प्रोफाईल तयार | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.७ | स्थानीय तहमा युवा मैत्री स्थानीय शासन सम्पर्क एकाईको स्थापना | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |
| ४.८ | स्थानीय तहमा युवा मैत्री स्थानीय शासन स्रोत केन्द्रको स्थापना | छ (२ अङ्क) | छैन (० अङ्क) | | | २ | |

यस सूचकमा प्राप्त अङ्कलाई निम्नानुसार वर्गीकरण गरी युवामैत्री स्थानीय शासनको अवस्थालाई मापन गर्न सकिनेछ । जसमा

क) निकै सुधार गर्नुपर्ने (०-४०)

ख) युवामैत्री उन्मुख (४०-६०)

ग) युवामैत्री निकट (६०-८०)

घ) युवामैत्री स्थानीय तह (८० भन्दामाथि)

## सूचकको प्रगतिको प्रमाणीकरण

राष्ट्रिय युवा परिषद्को नेतृत्वमा तयार भएका युवामैत्री स्थानीय शासनको सूचकलाई स्थानीयकरण गर्न सकिने छ । यसको लागि यो कार्यक्रम लागू गर्न ईच्छुक स्थानीय तहले यसको मूल मर्म नमर्ने गरी स्थानीयकरण गर्न सक्नेछन् । स्थानीय आवश्यकता अनुसार थप सूचकहरु बनाउन/थप्न सकिनेछ । यसैगरी यस सूचक कार्यान्वयनको अवस्था र प्रगतिको सम्बन्धमा अध्ययन गर्नको लागि स्वतन्त्र विज्ञको नियुक्ति गरी विस्तृत अध्ययन तथा अनुसन्धान मार्फत प्रमाणीकरण गर्ने प्रणालीको विकास गरिने छ । विज्ञले विस्तृत अध्ययन गरी सम्बन्धित स्थानीय तह र राष्ट्रिय युवा परिषद्मा विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ । यस क्रममा प्रत्येक सूचक प्राप्तिको पुष्टि गर्ने लिखित प्रमाण प्रतिवेदनमा अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ । प्रतिवेदन प्राप्ति पछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्का प्रतिनिधि र स्वतन्त्र विज्ञको समूहले प्रमाणीकरण गर्नेछ । यसको व्यवस्थापन राष्ट्रिय युवा परिषद्ले स्थानीय तह, युवासँग काम गर्ने नागरिक संघ-सङ्गठन, विकासका साझेदार संस्थाहरु र निजी क्षेत्रको सहकार्य गर्न सकिनेछ ।

## उपलब्धि मापनका न्यूनतम सूचक तथा अङ्कभार

युवामैत्री स्थानीय शासनको कार्यान्वयनको अवस्थाको मापनको लागि ४५ वटा सूचक रहेका छन् । युवामैत्री स्थानीय शासन कार्यान्वयन गर्न चाहने स्थानीय तहले यी सूचकहरूमा नतिजा प्राप्त गर्ने गरी योजना बनाएर कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्नु पर्नेछ । उक्त सूचकको कार्यान्वयनको अवस्था र प्राप्त नतिजाको आधारमा स्थानीय तहलाई युवामैत्री स्थानीय तह घोषणा गरिने छ । युवामैत्री स्थानीय तह घोषणा राष्ट्रिय युवा परिषद्ले स्वतन्त्र, परामर्शदाताको प्रतिवेदनको आधारमा जाँच गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयसँगको समन्वयमा गर्नेछ । सिङ्गो नगरपालिका वा गाउँपालिका युवामैत्री घोषणा गर्ने क्रममा वडा/वडा घोषणा गर्ने प्रक्रिया गर्नुपर्दछ ।

# सत्र : ८

# युवामैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रिया र कार्ययोजना

उपशीर्षक :

(क) युवामैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रिया
(ख) छनौट, अवलम्बन, घोषणा तथा सम्मान र पुरस्कार
(ग) कार्ययोजना

उद्देश्य : यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू युवामैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रिया, छनौट, अवलम्बन, घोषणा तथा सम्मान, पुरस्कार र कार्ययोजना निर्माणका सम्बन्धमा बताउन सक्नेछन् ।

तालिम सामग्री : प्रोजेक्टर, कार्ययोजना निर्माणको ढाँचा

विधि : प्रस्तुति, जोडी छलफल र खुल्ला छलफल

समय : १ घण्टा ३० मिनेट

## सत्रको विस्तृत विवरण

- युवामैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रिया, छनौट, अवलम्बन, घोषणा तथा सम्मान र पुरस्कारका सम्बन्धमा सहजकर्ताले प्रस्तुति गर्ने,
- कार्यान्वयन प्रक्रियाका सम्बन्धमा विषयगत स्पष्टता भएपछि सहभागीहरूलाई जोडीमा विभाजन गरी जोडी समूहमा कार्ययोजना निर्माणको ढाँचाका आधारमा आ–आफ्नो स्थानीय सरकारलाई युवामैत्री स्थानीय शासनका रूपमा विकास गर्नका लागि के–कस्तो कार्ययोजना बन्नु वा बनाउनु पर्दछ भनी छलफल गर्न दिने,
- जोडी छलफलबाट आएका सिकाई र सुझाव तथा प्रश्नलाई खुल्ला छलफल गरी समान बुझाईको विकास गर्ने,
- आ–आफ्नो स्थानीय तहमा युवामैत्री स्थानीय शासनको अवलम्बनका लागि के–कसरी कार्ययोजना निर्माण गर्ने र कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा खुल्ला छलफल गरी सत्रको अन्त्य गर्ने ।

# युवामैत्री स्थानीय शासनको कार्यान्वयन प्रक्रिया र कार्ययोजना

उपशीर्षक :

- युवामैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रिया

युवामैत्री स्थानीय शासनको अवलम्बन, कार्यान्वयन, घोषणा र दिगोपनका लागि निम्नानुसारको चरणहरु रहेका छन् :

## (क) पूर्वतयारी तथा प्रारम्भिक चरण

(१) स्थानीय तहलाई युवामैत्री स्थानीय शासन कार्यान्वयनको लागि छनौट गर्ने वा सम्बन्धित स्थानीय तहले आफै निर्णय गरि पूर्व तयारी गर्ने,

(२) स्थानीय तह र राष्ट्रिय युवा परिषद्ले, विभिन्न नागरिक सङ्गठन, विकासका साझेदार संघसंस्था र अन्य सेवा प्रदायक संस्था लगायत सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(३) स्थानीय तहमा स्थानीय तहका पदाधिकारी, कर्मचारी, संघसंस्था, नीजिक्षेत्र, सहकारी उद्यमी तथा युवाक्लबका प्रतिनिधि लगायत अन्य सरोकारवाला निकाय तथा व्यक्तिलाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धिको कार्य गर्ने ।

(४) युवासँग सम्बन्धित वस्तुगत विवरण (Baseline) तयार गर्ने ।

(५) युवामैत्री स्थानीय शासनका सूचकहरूको अभिमुखीकरण र आवश्यकता हेरि स्थानीयकरण गर्ने र थप सूचक आवश्यक भए थप गर्ने ।

(६) युवामैत्री स्थानीय शासन कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने स्थानीय नीति, नियम, रणनीति, कार्यविधि, निर्देशिका तथा अन्य आवश्यक कानूनहरू निर्माण गरी कार्यान्वयन गर्ने ।

## (ख) तयारी चरण

(१) युवामैत्री स्थानीय शासन अवलम्बनको लागि कार्यपालिका स्तरीय निर्णय गर्ने तथा आवश्यक पर्ने संस्थागत संरचना प्रबन्ध गर्ने,

(२) सम्बन्धित स्थानीय तह र सम्पूर्ण वडामा युवाक्लब/समूह गठन/पुनर्गठन सम्पर्क शाखा तथा अधिकारी तोक्ने, जिम्मेवारी प्रदान गर्ने,

(३) सम्बन्धित स्थानीय तहमा युवाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी तथा नीजि क्षेत्र र सरोकारवाला निकायहरूको पहिचान गर्ने, उनीहरूसँग समन्वयात्मक वैठक बस्ने र कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक तथा अन्य स्रोत सहितको प्रतिवद्धता लिने,

(४) युवामैत्री स्थानीय शासन कार्यक्रम लागू गर्ने वडाहरूको छनौट गर्ने र त्यस्ता वडाका जनप्रतिनिधि तथा सम्पर्क अधिकारी र सरोकारवालालाई अभिमुखीकरण/तालिम प्रदान गर्ने,

(५) युवामैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि लगानी योजना, तथा कार्यान्वयन रणनीति तयार पार्ने,

(६) युवामैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्ने वडा तथा समुदायस्तरमा आवश्यकता अनुसार युवाक्लब, समूह तथा अन्य निकाय जस्तै टोल विकास संस्था, बालक्लब, सामुदायिक संघसंस्थाहरूको गठन, समन्वय, सहकार्य र परिचालनको लागि स्पष्ट रणनीति बनाउने र कार्यान्वयन गर्ने ।

## (ग) कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको चरण

(१) लगानी योजना र कार्यान्वयन रणनीतिमा आधारित भई युवामैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न विषयगत क्रियाकलापहरूको तयारी र प्रभावकारी कार्यान्वयन गर्ने ।

(२) छनोट भएका क्रियाकलापहरूको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने । यसको लागि स्थानीय तह, अन्य सरकारी तथा गैरसरकारी र नीजि संघसंस्थाहरूसँग समन्वयात्मक रूपमा बजेट तथा आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

(३) युवासँग सम्बन्धित साझेदार तथा सरोकारवाला व्यक्ति तथा निकायहरूको सञ्जाल निर्माण, समन्वय तथा सहकार्यको वातावरण निर्माण गर्ने, युवामैत्री स्थानीय शासन सहयोग समूहहरुलाई परिचालन गर्ने ।

(४) आवश्यक कार्यक्रम तथा गतिविधिहरूको बारेमा कार्ययोजना बनाई त्यसको कार्यान्वयन गर्ने ।

(५) युवामैत्री स्थानीय शासनका सूचकहरू अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

(६) नियमित अनुगमन, अभिलेखीकरण र आवधिक मूल्याङ्कन गर्ने/गराउने ।

## (घ) घोषणा, प्रतिवेदन तथा दिगोपनाको चरण

(१) युवामैत्री स्थानीय शासन घोषणाको लागि युवा मैत्री स्थानीय शासन दिगदर्शनमा भएको व्यवस्था अनुसार आवश्यक प्रक्रिया पुरा गरी कार्य अगाडि बढाउन राष्ट्रिय युवा परिषद् सहित तोकिएको अन्य निकायबाट नियमित रूपमा अनुगमन गर्ने/गराउने,

(२) स्थानीय तह तथा अन्य तोकिएको निकायबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने,

(३) युवामैत्री स्थानीय तहको घोषणाका लागि तोकिएको निकायबाट अनुमति लिने,

(४) युवामैत्री स्थानीय तह घोषणा गरिसकेपछि त्यसको निरन्तरता र दिगोपनाको लागि

रणनीतिक योजना तयार पार्ने,

(५) युवामैत्री स्थानीय शासनको दिगोपनाका लागि आवश्यकता अनुसार स्थानीय तहस्तरीय समिति गठन गर्ने,

(६) युवामैत्री स्थानीय शासनका सूचक कार्यान्वयन र दिगोपनाको अवस्थाका सम्बन्धमा सरोकारवालाहरू समेतको सहकार्यमा नियमित अनुगमन गरी समीक्षा सहितको प्रतिवेदन तयार पार्ने,

(७) सूचकको कार्यान्वयन र दिगोपनको अवस्थाको सम्बन्धमा स्थितिपत्र तयार पारी वार्षिक रूपमा सार्वजनिक गर्ने,

(८) सम्बन्धित स्थानीय तहले नियमित रूपमा वार्षिक प्रतिवेदन तयार पारी त्यसको नियमित रूपमा प्रकाशन गर्ने ।

## युवामैत्री स्थानीय तहको घोषणा प्रक्रिया

युवामैत्री स्थानीय तह घोषणाको लागि उल्लेख गरिएका सूचकहरूको नतिजा प्राप्तिको आधारमा निकै सुधार गर्नुपर्ने (०-४०), युवामैत्री उन्मुख (४०-६०), युवामैत्री निकट (६०-८०) र युवामैत्री (८०- १००) स्थानीय तहको रूपमा बर्गीकरण गरिने छ । तोकिएका सूचकमा ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने स्थानीय तहलाई युवामैत्री स्थानीय तह घोषणा गरिने छ । युवामैत्री स्थानीय तह घोषणा गर्नुभन्दा अगाडि स्थानीय तहले सूचक प्राप्तिको सुनिश्चितताको लागि मूल्याङ्कनको उपयुक्त र प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ । युवामैत्री स्थानीय तह घोषणामा राष्ट्रिय युवा परिषद्ले नेतृत्व र समन्वय गर्नेछ ।

## युवामैत्री स्थानीय तहको दिगोपना

युवामैत्री स्थानीय तह घोषणा गरिसकेपछि निरन्तर नीति, योजना निर्माण प्रक्रियाका क्रममा, समाजसँग प्रत्यक्ष अप्रत्यक्ष सरोकारित विषयमा छलफल हुँदा, निर्णय गर्दा युवाहरूको अर्थपूर्ण सहभागिता तथा समन्वय र सहकार्य गरी निरन्तर काम गर्नसकेको खण्डमा युवामैत्री स्थानीय शासनको दिगोपना हुनसक्छ । युवामैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन गर्नु पर्दछ । युवामैत्री घोषणा गरिसकिएका स्थानीय तहले प्रत्येक वर्ष युवाहरूको सहभागितामा भएका कार्यक्रमको मूल्याङ्कन गरी प्रतिवेदन प्रकाशन गरी दिगोपनाको सुनिश्चितता गर्नु पर्दछ । स्थानीय तहले दिगोपनाका लागि पनि नियमित बजेट/स्रोत साधन विनियोजन गर्नुपर्दछ ।

## युवामैत्री स्थानीय शासन पद्धतीको छनौट

युवामैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीय तहले आवश्यक अभियान तथा कार्यक्रम सञ्चालन गर्नेछन् । समुदाय तथा वडा तहदेखिनै युवामैत्री स्थानीय शासन सञ्चालन गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नेछ । यसैगरी जिल्ला समन्वय समिति, राष्ट्रिय युवा परिषद्,

प्रदेश सरकारले स्थानीय तहमा युवामैत्री स्थानीय शासन कार्यान्वयनको लागि आवश्यक समन्वय, सहजीकरण, प्राविधिक सहयोग र उत्प्रेरणा जगाउने क्रियाकलाप गर्नेछ । यसैगरी स्थानीय युवाक्लब/समूहले विकास साझेदार, गैरसरकारी संस्था, नागरिक संघ–सङ्गठन, निजी क्षेत्रहरु र स्थानीय तहलाई आवश्यक सहयोग उपलब्ध गराउने र कार्यान्वयनमा सहयोग गर्नेछन् ।

## युवामैत्री स्थानीय शासनको अवलम्बन र कार्यान्वयन

स्थानीय तहमा युवाको अर्थपूर्ण संलग्नता सुनिश्चित गरी युवामैत्री स्थानीय तह कार्यान्वयनका चरणमा उल्लेख भएका विषयहरूलाई क्रमशः कार्यान्वयन गर्नुपर्नेछ । स्थानीय तहले युवामैत्री स्थानीय तह घोषणाको लागि तोकिएका सूचकहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समिक्षा गरी त्रैमासिक रूपमा प्रगति विवरण र वार्षिक रूपमा प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ । यस प्रतिवेदनमा अनुगमन तथा समीक्षा समेत समावेश गर्नुपर्नेछ । यस्ता प्रक्रियामा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

## पुरस्कार तथा सम्मानको व्यवस्था

संघ तथा प्रदेशका सम्बन्धित मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले तोकिएको सम्पूर्ण सूचक पुरा गरी युवामैत्री स्थानीय तह घोषणा भएका स्थानीय तहलाई सम्मान तथा पुरस्कार प्रदान गर्नेछ । तथा त्यस्ता स्थानीय तहमा थप कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । सशर्त अनुदान उपलब्ध गराउन सक्नेछन् र साझेदार संस्था निकायलाई साझेदारीका लागि सिफारिस गरिनेछ ।

## अनुगमन सम्बन्धी व्यवस्था

कुनै पनि स्थानीय तहको युवामैत्री स्थानीय शासनको कार्ययोजना अर्न्तगतका योजना तथा कार्यक्रम र गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । अनुगमन तथा मूल्याङ्कनबाट तोकिए अनुसारको काम भए नभएको जानकारी हुन्छ भने यदि अपेक्षित उपलब्धि हासिल नभएको पाईएमा त्यसको तत्काल सुधारको लागि महत्वपूर्ण सहयोग समेत प्राप्त हुन्छ । त्यसैले यसको अनुगमन तथा मूल्याङ्कनको लागि देहाय बमोजिमका प्रक्रियालाई अनुसरण गर्न सकिनेछः

क) युवाको लागि बजेट विनियोजन गरिएका आयोजनाहरू युवाक्लब, सञ्जाल समूह समेतको समन्वय र सहकार्यमा सञ्चालन गर्नुपर्दछ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन, सार्वजनिक खरिद ऐन लगायतका अन्य कानून तथा नीति नियमलाई समेत ध्यानमा राखी विस्तृत योजना निर्माण गर्नुपर्दछ ।

ख) युवामैत्री स्थानीय शासनको सूचकको कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक सहयोग राष्ट्रिय युवा परिषद, जिल्ला युवा समिति र अन्य सरोकारवाला, साझेदार संस्था निकायले गर्नेछ ।

ग) युवामैत्री स्थानीय शासनका सूचकको कार्यान्वयनको अवस्थालाई तेस्रो पक्षले अध्ययन तथा अनुसन्धान गरी सूचक कार्यान्वयनको अवस्थाको सम्बन्धमा विस्तृत अध्ययन प्रतिवेदन तयार पार्न सकिने छ ।

## युवा मैत्री स्थानीय शासन अर्न्तगतका सूचकहरूको विश्लेषण

**वर्तमान अवस्था, पाँच वर्षको लक्ष्य र वार्षिक लक्ष्यको कार्ययोजना निर्माणको ढाँचा**

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था | वार्षिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौँ |
| १. नीति निर्माण र कार्यान्वयनमा युवाको संलग्नतासँग सम्बन्धित सूचकहरू | | | | | | | |
| १.१ | शिक्षा सम्बन्धी नीति मापदण्ड निर्माण समितिमा युवा तथा वयस्कको संयुक्त सहभागिता | | | | | | |
| १.२ | गाउँ तथा नगर शिक्षा समितिमा युवा तथा वयस्कको संयुक्त सहभागिता | | | | | | |
| १.३ | विद्यालय व्यवस्थापन समितिमा युवा पदाधिकारीको प्रतिशत | | | | | | |
| १.४ | स्वास्थ्य समितिमा युवा तथा वयस्कको संयुक्त प्रतिनिधित्व | | | | | | |
| १.५ | स्थानीय तहमा निर्वाचित युवाको प्रतिशत | | | | | | |
| १.६ | वस्तीस्तरको योजना तर्जुमा समिति वा संरचनामा सहभागी युवाको प्रतिशत | | | | | | |
| १.७ | योजनाको अनुगमन तथा मूल्याङ्कन समितिमा युवाक्लब सञ्जालको संस्थागत प्रतिनिधित्व | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.८ | स्थानीय तहले निर्माण गर्ने नीति तथा कानूनमा युवा संलग्नताको नीतिगत व्यवस्था सुनिश्चितता गरी कार्यान्वयनमा ल्याएको | | | | | | |
| १.९ | स्थानीय तहले युवामैत्री आचारसंहिता र नीति निर्माण गरी कार्यान्वयनमा ल्याएको | | | | | | |
| १.१० | स्थानीय विपद् पूर्व तयारी तथा व्यवस्थापन समितिमा युवाक्लबको प्रतिनिधित्व | | | | | | |
| २. युवासँग सम्बन्धित सरोकारका विषयवस्तुसँग सम्बन्धित सूचकहरू | | | | | | | |
| २.१ | स्थानीय तह भित्र विद्यालय/कलेज नगएका युवा तथा किशोरकिशोरीको प्रतिशत | | | | | | |
| २.२ | सीपमूलक प्राविधिक शिक्षा तथा उद्यमशिलता सम्बन्धी तालिम प्राप्त गरेका युवाको प्रतिशत | | | | | | |
| २.३ | स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक संस्था | | | | | | |
| २.४ | शिक्षामा विनियोजित निशर्त बजेट प्रतिशत | | | | | | |
| २.५ | प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा सम्बन्धी तालिम प्राप्त युवाको संख्या | | | | | | |
| २.६ | युवाको अनुवाई र नेतृत्वमा भएका स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको संख्या | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.७ | मनोसामाजिक परामर्श केन्द्रको स्थापना तथा सञ्चालन | | | | | | |
| २.८ | प्रजनन् स्वास्थ्य सेवा प्राप्त गर्ने युवाको प्रतिशत | | | | | | |
| २.९ | सुरक्षित प्रसुती सेवा लिने युवा महिलाको प्रतिशत | | | | | | |
| २.१० | विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवाको उपलब्धता | | | | | | |
| २.११ | विद्यालयमा सेनिटरी प्याडको उपलब्धता (सार्वजनिक र संस्थागत दुवै) | | | | | | |
| २.१२ | स्वास्थ्य क्षेत्रमा निसर्त विनियोजित बजेट प्रतिशत | | | | | | |
| २.१३ | खेलमैदान भएका विद्यालयको प्रतिशत | | | | | | |
| २.१४ | शैक्षिक संस्था बाहेक सार्वजनिक खेल मैदान भएका वडाको प्रतिशत | | | | | | |
| २.१५ | स्थानीय तह स्तरीय खेलकुद विकास समितिको गठन | | | | | | |
| २.१६ | खेल शिक्षक नियुक्त भएका विद्यालयको प्रतिशत | | | | | | |
| २.१७ | वर्ष दिन भित्र अन्तर वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | | | | | | |
| २.१८ | खेलकुद क्षेत्रको लागि विनियोजित बजेटको प्रतिशत | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१९ | स्थानीय तहमा भएका सार्वजनिक उद्यान तथा पार्क | | | | | | |
| २.२० | जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी तालिम प्राप्त युवाको प्रतिशत | | | | | | |
| २.२१ | २० वर्ष मुनीको किशोर किशोरी/ युवाको विवाह र बालविवाह नियन्त्रणका अभियान | | | | | | |
| ३. सहभागिता र नेतृत्व विकास | | | | | | | |
| ३.१ | युवा र रोजगार सूचना केन्द्रको स्थापना र सञ्चालन | | | | | | |
| ३.२ | सवै वडामा युवाक्लब गठन र वार्षिक रूपमा कम्तीमा ४ वटा बैठक बसेको | | | | | | |
| ३.३ | गाउँ/नगरपालिका स्तरीय युवा सञ्जाल गठन र वार्षिक रूपमा कम्तीमा ४ वटा वैठक बसेको | | | | | | |
| ३.४ | गाउँपालिका/ नगरपालिका स्तरीय किशोरकिशोरी सञ्जाल गठन र वार्षिक रूपमा कम्तीमा ४ वटा बैठक बसेको | | | | | | |
| ३.५ | संस्थागत विकास अभिमूखीकरण तथा तालिम प्राप्त सञ्जालका सदस्यहरूको प्रतिशत | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.६ | नेतृत्व विकास, विपद् व्यवस्थापन, जीवन उपयोगी सीप वा अन्य क्षमता अभिवृद्धि सम्बन्धी तालिम लिएका युवाको प्रतिशत | | | | | | |
| ३.७ | "डिजिटल क्राईम र सेक्युरिटी" सम्बन्धी तालिम प्राप्त युवाको प्रतिशत | | | | | | |
| ४. विशेष वर्ग तथा समुदायका युवालाई विशेष व्यवस्था | | | | | | | |
| ४.१ | स्थानीय तहको नीति तथा कार्यक्रममा विशेष वर्ग तथा समुदायका युवा लक्षित कार्यक्रमको व्यवस्था | | | | | | |
| ४.२ | स्थानीय तहको नीति तथा कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक नागरिक लक्षित कार्यक्रम समावेश गरिएको | | | | | | |
| ४.३ | स्थानीय तहको नीति तथा कार्यक्रममा विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक निकायहरू अपाङ्गतामैत्री संरचना निर्माणका बारेमा समावेश गरिएको | | | | | | |
| ४.४ | स्थानीय तहले नीति निर्माण प्रक्रियामा लैङ्गिक, धार्मिक, जातीय, भौगोलिक रूपमा पछाडि पारिएका र अल्पसंख्यकको प्रतिनिधित्वको नीतिगत सुनिश्चितता | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.५ | स्थानीय तहको नीति तथा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास सम्बन्धी विषय समावेश गरिएको | | | | | | |
| ४.६ | युवा सम्बन्धी बस्तुगत विवरण/प्रोफाईल तयार | | | | | | |
| ४.७ | स्थानीय तहमा युवा मैत्री स्थानीय शासन सम्पर्क एकाईको स्थापना | | | | | | |
| ४.८ | स्थानीय तहमा युवा मैत्री स्थानीय शासन स्रोत केन्द्रको स्थापना | | | | | | |

# सत्र : ९

# स्थानीय तहको मूल्याङ्कन, वित्तीय स्रोत व्यवस्थापन र सरोकारवालाहरूको भूमिका

**उपशीर्षक :**

(क) स्थानीय तहको मूल्याङ्कन
(ख) वित्तीय स्रोत व्यवस्थापन
(ग) सरोकारवालाहरूको भूमिका

**उद्देश्य : यस सत्रको अन्त्यसम्ममा,**

- सहभागीहरू युवामैत्री स्थानीय शासनको कार्यान्वयनका लागि स्थानीय तहहरूको मूल्याङ्कन कसरी गर्ने, वित्तीय स्रोत व्यवस्थापन कसले गर्ने तथा सरोकारवालाहरूको भूमिका के हो ? बताउन सक्नेछन् ।

**तालिम सामग्री : ह्वाइट बोर्ड, मार्कर, न्यूज प्रिन्ट पेपर**

**विधिः प्रस्तुति, आइडिया सपिङ्ग**

**समय : १ घण्टा**

## सत्रको विस्तृत विवरण

- युवामैत्री स्थानीय शासनको कार्यान्वयनका लागि स्थानीय तहहरूको मूल्याङ्कन कहिले कहिले र कसरी हुन्छ भनेर सहजकर्ताले प्रस्तुत गरी छलफल गर्ने,
- युवामैत्री स्थानीय शासनको कार्यान्वयनका लागि वित्तीय व्यवस्थापनका स्रोतहरू के-के हुनसक्दछन्, कुन-कुन वा कस्ता-कस्ता सरोकारवालाहरूको के-कस्तो भूमिका रहेको हुन्छ भनी खुल्ला छलफल गर्ने,
- सहभागीहरूका विचारहरूलाई मेटा कार्डमा लेख्न लगाउने,
- आएका सुझावहरूलाई विषयगत रूपमा विभाजन गरी टाँसेर राख्ने र सोको आधारमा छलफल गर्ने,
- आएका बुँदाहरूमा सहजकर्ताले थप गरी युवामैत्री स्थानीय शासनका लागि स्रोतको व्यवस्थापन कहाँ-कहाँबाट कसरी गर्न सकिन्छ वा गर्नुपर्दछ भनी प्रस्तुतिकरण गर्ने,
- युवामैत्री स्थानीय शासनको दिगोपनका लागि सम्बन्धित सरोकारवालाहरूको पहिचान कसरी गर्ने र सम्बन्धित सरोकारवालाहरूसँग कसरी समन्वय गरी उनीहरूको भूमिकालाई के-कसरी प्रभावकारी बनाउन सकिन्छ भनी खुल्ला छलफल गरी सो को प्रभावकारीतामा केन्द्रित हुने ।

# स्थानीय तहको मूल्याङ्कन, वित्तीय स्रोत व्यवस्थापन र सरोकारवालाहरूको भूमिका

## स्थानीय तहको मूल्याङ्कन

युवामैत्री स्थानीय शासन अवलम्बन र कार्यान्वयन गर्ने स्थानीय तहले प्रत्येक वर्ष सूचकहरूको आधारमा आफ्नो स्थानीय तहलाई नियमित रूपमा मूल्याङ्कन गर्नुपर्दछ । यसरी गरिएको मूल्याङ्कनको आधारमा निकै सुधार गर्नुपर्ने, युवामैत्री उन्मुख, युवामैत्री निकट र युवामैत्री स्थानीय तहको रूपमा अवस्था उल्लेख गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ । घोषणा पश्चात पनि दिगोपनाका लागि वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

## वित्तीय स्रोत व्यवस्था

युवामैत्री स्थानीय शासन स्थापनाको लागि आवश्यक पर्ने वित्तीय स्रोत तथा बजेटको व्यवस्था सम्बन्धित स्थानीय तहले आफ्नो वार्षिक बजेट मार्फत व्यवस्थापन गर्नुपर्दछ । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय युवा परिषद्ले पनि सशर्त तथा निशर्त अनुदान उपलब्ध गराउन सक्नेछ । यसैगरी, अन्य विषयगत मन्त्रालय तथा विकासका साझेदार निकाय तथा गैरसरकारी संघसंस्थाहरूसँग आवश्यक समन्वय, परिचालन तथा सहजीकरण समेत गर्न सकिनेछ ।

## सरोकारवालाको भूमिका

युवामैत्री स्थानीय शासनको कार्यान्वयनको प्रमुख जिम्मेवार निकाय भनेको सम्बन्धित स्थानीय तह हो । राष्ट्रिय युवा परिषद् तथा यस मातहतका निकायहरू, जिल्ला समन्वय समिति, प्रदेश सरकार र यस अर्न्तगतका निकायहरू, संघीय सरकारका निकायहरूले स्थानीय तहको कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि अनुगमन तथा पृष्ठपोषण प्रदान गर्दछन् । विभिन्न गैरसरकारी तथा नीजि संघसंस्थाहरू, सामुदायिक तथा नागरिक संघसंस्थाहरू, युवाक्लब, विकासका साझेदार, सञ्चार क्षेत्रपनि सरोकारवालाको रूपमा रहनेछन् ।

## दिगोपना

युवामैत्री स्थानीय शासन एक नियमित प्रक्रिया हो । यो एक अभियान हो । यसर्थ एकपटक स्थानीय तहलाई युवामैत्री स्थानीय शासन घोषणा गरेर मात्र यसको उद्देश्य पूरा हुदैन । यसको दिगोपनाको लागि घोषणा भएका प्रत्येक स्थानीय तहले पाँच वर्षको दिगोपना सम्बन्धी रणनीतिक लगानी योजना निर्माण गरी प्रकाशित गर्नुपर्दछ । प्रत्येक वर्ष प्रगति प्रतिवेदन तयारी गरी प्रकाशन गरिनु पर्दछ । दिगोपनाको लागि सरकारी गैरसरकारी तथा निजी क्षेत्र, स्थानीय युवाक्लब, समूह तथा सञ्जालको क्षमता अभिवृद्धिका लागि समन्वय, सहकार्य, साझेदारीमा युवासँग सम्बन्धित विविध कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहले नियमित

रूपमा युवाको लागि बजेट विनियोजन गर्ने प्रणालीको व्यवस्था गरिनेछ । युवामैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितताको लागि आवश्यक पर्ने अन्य संस्थागत तथा नीतिगत व्यवस्था सम्बन्धित स्थानीय तहले राष्ट्रिय युवा परिषद्सँगको समन्वयमा निर्माण गर्न सक्दछ । राष्ट्रिय युवा परिषद्ले युवामैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणा गर्ने स्थानीय तहलाई प्राविधिक सहयोग, समन्वय र सहकार्य गर्दछ ।

## समन्वय

युवामैत्री स्थानीय शासन स्थानीय तहमा सञ्चालनमा रहेका अन्य बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, बालश्रम मुक्त स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन लगायतका अभियान/कार्यक्रमहरूसँग विषयगत रूपमा समन्वय र सहकार्य गर्नुपर्दछ । अन्य युवा कार्यक्रम सञ्चालनमा रहेका स्थानीय तहले नीतिगत रूपमा निर्णय गरेर औपचारिक रूपमा युवामैत्री समन्वय एकाईलाई तोक्न सक्दछ । अन्य कार्यक्रमसँग दोहोरिएका कतिपय सूचक यदि प्राप्त भएका छन् भने युवामैत्री अभियानमा सोसँग सम्बन्धित तथ्य प्रभावलाई पनि सूचकको आधार प्रमाणका रुपमा लिइनेछ । स्थानीय सरकारले विभिन्न सूचकहरुको कार्यान्वयनका लागि कुनै विशेष संस्था, निकाय वा साझेदारलाई जिम्मेवारी दिनेगरी समन्वय पनि गर्न सक्नेछ ।

# सत्र : १०

# युवामैत्री स्थानीय शासनका संस्थागत संरचना, काम, कर्तव्य र अधिकार

**उपशीर्षक :**

(क) युवामैत्री स्थानीय शासनका संस्थागत संरचना

(ख) काम, कर्तव्य र अधिकार

**उद्देश्य :** यस सत्रको अन्त्यसम्ममा,

- सहभागीहरू युवामैत्री स्थानीय शासनको संस्थागत संरचना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्याख्या गर्न सक्नेछन् ।

**तालिम सामग्री :** प्रोजेक्टर, ह्वाइट बोर्ड, मार्कर

**विधि :** प्रस्तुति र छलफल

**समय :** १ घण्टा

## सत्रको विस्तृत विवरण

- सहभागीहरूलाई युवामैत्री स्थानीय शासनको कार्यान्वय र अनुगमन सम्बन्धमा प्रस्ताव गरिएको संस्थागत संरचनाका सम्बन्धमा सहजकर्ताले प्रस्तुति गर्ने, कुन तहमा कस्तो संयन्त्रको प्रस्ताव गरिएको छ र त्यसमा कसकसको प्रतिनिधित्व हुन्छ ? भन्ने सम्बन्धमा सहभागीहरूमा स्पष्टता ल्याउने,
- युवामैत्री स्थानीय शासनको योजना निर्माण, कार्यान्वयन र अनुगमनका सम्बन्धमा गर्नुपर्ने कामहरूमा सहजकर्ताले सहभागीहरूलाई प्रस्तुतिकरण गर्ने,
- आ–आफ्नो सम्बन्धित स्थानीय तहमा युवामैत्री स्थानीय शासनको कार्यान्वयनका लागि युवामैत्री स्थानीय शासनका संस्थागत संरचना र अनुगमनका लागि गर्नुपर्ने विशेष कामहरूको सूचीकरण गर्न सहजीकरण गर्ने,
- संस्थागत संरचनाको निर्माण, कार्यान्वयन अनुगमनको प्रभावकारिता र युवामैत्री स्थानीय शासनको दिगोपन तथा प्रभावकारिताका लागि विद्यमान संरचनाहरूले गर्नुपर्ने कामहरूका सम्बन्धमा सबै सहभागीहरूलाई मेटा कार्ड दिएर सुझावहरू सङ्कलन गर्ने, सहभागीहरूलाई प्रस्तुत गर्न लगाउने र छलफल गर्ने ।

# युवामैत्री स्थानीय शासनको कार्यान्वयनको संस्थागत संरचना, काम, कर्तव्य र अधिकार

**युवामैत्री स्थानीय शासन समिति**

| | |
|---|---|
| (१) अध्यक्ष/प्रमुख | अध्यक्ष |
| (२) उपाध्यक्ष/उपप्रमुख | उपाध्यक्ष |
| (३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (४) वडा अध्यक्ष (सबै) | सदस्य |
| (५) कार्यपालिका सदस्य (सबै) | सदस्य |
| (६) स्थानीय तह स्तरीय युवा परिषद्का अध्यक्ष/संयोजक | सदस्य |
| (७) स्थानीय तह स्तरीय युवा सञ्जालका अध्यक्ष | सदस्य |
| (८) महाशाखा तथा शाखा प्रमुखहरू | सदस्य |
| (९) युवाको क्षेत्रमा काम गर्ने गैसस मध्येबाट अध्यक्ष/प्रमुखले मनोनित गरेको एक महिला सहित २ जना प्रतिनिधि | सदस्य |
| (१०) विद्यालय र स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट अध्यक्ष/प्रमुखले मनोनित गरेको १/१ जना प्रतिनिधि | सदस्य |
| (११) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| (१२) बालक्लबका पूर्व सदस्य, किशोरी समूह/सञ्जालका सदस्य वा पूर्व सदस्य मध्येबाट एक महिला र एक पुरुष पर्ने गरी २ जना | सदस्य |
| (१३) सामाजिक विकास महाशाखा/शाखा प्रमुख वा सम्बन्धित शाखा | सदस्य-सचिव |

यस समितिले आवश्यकता अनुसार युवाको क्षेत्रमा काम गरिरहेका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**समितिको काम, कर्तव्य र अधिकार**

(१) युवामैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तह स्तरीय नीति, नियम, रणनीति, कार्य योजना तथा अन्य आवश्यक कानूनी तथा नीतिगत सामग्री तयार गर्ने,

(२) आफ्नो स्थानीय तहलाई युवामैत्री बनाउनको लागि नेतृत्व लिने, आवश्यक नीतिगत

पृष्ठपोषण प्रदान गर्ने र यसको प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने,

(३) युवामैत्री स्थानीय शासनको लागि आवश्यक पर्ने प्रोफाईल, लगानी योजना, वार्षिक कार्ययोजना, आचारसंहिता गतिविधि तथा क्रियाकलापहरूको तर्जुमा गर्नको लागि आवश्यक सहयोग पुऱ्याउने,

(४) स्थानीय तहबाट स्वीकृत भएका यससँग सम्बन्धित विभिन्न गतिविधि तथा क्रियाकलाप तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

(५) युवामैत्री स्थानीय तह गठन गर्नको लागि वडा तथा समुदायस्तरमा रहेका गैसस, विकास साझेदार सामुदायिक संघसंस्था, युवाक्लब तथा, सहकार्य तथा साझेदारी स्थापना गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने वातावरण निर्माण गर्ने,

(६) युवाक्लब र समूहको गठन गर्ने तथा प्रभावकारी रूपमा परिचालन गर्न सहयोगी भूमिका निर्वाह गर्ने,

(७) स्थानीयस्तरमा रहेर युवाको क्षेत्रमा काम गरिरहेका विभिन्न सरकारी, गैरसरकारी तथा निजी निकाय तथा संघसंस्थाहरूको बीचमा आवश्यक समन्वय गर्ने र सहकार्यको उपयुक्त वातावरण निर्माण गर्ने,

(८) युवामैत्री स्थानीय शासन सम्बन्धी कामको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउने ।

(९) युवामैत्री स्थानीय शासन अभियानको लागि आवश्यक पर्ने वडा समिति, तथा समुदायस्तरीय समिति गठन गर्ने, काम, कर्तव्य तथा अधिकार तोक्ने,

(१०) युवामैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन, घोषणा र दिगोपनाको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने/गराउने ।

## युवामैत्री स्थानीय शासन अनुगमन समिति

युवामैत्री स्थानीय शासनको अनुगमन गर्नको लागि युवामैत्री स्थानीय तह अनुगमन समिति गठन गरिनेछ । जसमा देहाय बमोजिमको पदाधिकारी रहनेछन्:

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तहको उपाध्यक्ष/उपप्रमुख | संयोजक |
| ख) शिक्षा युवा तथा खेलकुद हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सम्बन्धित स्थानीय तहमा रहेको नगर युवा परिषद्का प्रमुख/संयोजक | सदस्य |
| ङ) सम्बन्धित स्थानीय तहको युवा सञ्जालका संयोजक | सदस्य |

| | |
|---|---|
| च) युवाका क्षेत्रमा क्रियाशील सामाजिक संस्था | सदस्य |
| छ) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख | सदस्य-सचिव |

## काम कर्तव्य र अधिकार

क) युवामैत्री स्थानीय शासनसँग सम्बन्धित सूचकहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउनको लागि आवश्यक पर्ने कार्य गर्ने/गराउने,

ख) युवामैत्री दिग्दर्शनको कार्यान्वयनको लागि उपयुक्त वातावरण निर्माण गर्ने/गराउने र उक्त वातावरण बने नबनेको बारेमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

ग) कार्यान्वयनको चरणमा नियमित अनुगमन तथा मूल्याङ्कन गरी सूचक कार्यान्वयनका क्रममा आईपरेका समस्या तथा अप्ठ्याराहरूलाई समाधान गर्ने/गराउने,

घ) सूचक कार्यान्वयनको अवस्था नियमित अनुगमन मार्फत प्राप्त सूचना तथ्याङ्क, अवस्थालाई एकत्रित तथा सङ्कलन, आवश्यक विश्लेषण गरी प्रतिवेदन तयार पार्ने र स्थानीय कार्यपालिका समक्ष पेश गर्ने ।

ङ) अनुगमन प्रतिवेदनहरु राष्ट्रिय युवा परिषद् तथा सम्बन्धित निकायमा पठाउने,

च) युवामैत्री स्थानीय शासनका सूचक कार्यान्वयनलाई प्रभावकारी गराउनको लागि आवश्यक अन्य कार्य गर्ने/गराउने ।

## अन्य थप समितिहरू

युवामैत्री स्थानीय शासनको कार्यन्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा युवामैत्री स्थानीय शासन कार्यान्वयन तथा समन्वय समिति पनि गठन गर्न सकिनेछ । यस्तो समितिमा सबै विषयगत शाखाहरू र विभिन्न सरोकारवाला निकायहरूको प्रतिनिधित्व हुनेगरी गर्न सकिन्छ ।

त्यसैगरी स्थानीय तहमा युवामैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि बहुपक्षीय सरोकारवालाहरूको सहभागिता र नेतृत्वमा युवामैत्री स्थानीय शासन सहयोग तथा प्रवर्द्धन समूह /समिति पनि गठन गरी परिचालन गर्न सकिनेछ ।

## सत्र : ११

# कार्ययोजना निर्माण

यस सत्रमा तालिममा समावेश गरिएका तर छलफलका लागि उपयुक्त अन्य कुनै सवालहरू छुटेमा वा सहभागीहरूबाट सुझावका रूपमा प्राप्त भएको रहेछ भने त्यस्ता उपयुक्त सवालहरूका सम्बन्धमा छलफल गरिनेछ । यस सत्रमा कुनै उपयुक्त सवाल वा विषयमा सहभागीहरूका तर्फबाट अनुभव वा विषयवस्तु आदानप्रदान गर्न चाहेमा (सहभागीहरूका आफ्नै सवालमा उनीहरूकै सहजीकरण) सहभागीहरूका लागि समेत छोटो-छोटो समय व्यवस्थापन गरिनेछ ।

यस सत्रमा युवामैत्री स्थानीय शासनसँग सम्बन्धित सवालहरूको पहिचान गर्न र सोको कार्यान्वयनका लागि अभियान सञ्चालन गर्न के-कस्ता प्रयासहरू गर्नुपर्दछ भनी छलफल गर्नु पर्दछ । युवामैत्री स्थानीय शासन एउटा अभियान भएकाले यसको अवलम्बनसँगै सोको कार्यान्वयन, घोषणा र दिगोपनाका लागि समेत नियमित अभियान, सहयोग, सहजीकरण र आवश्यकता अनुसार खवरदारी समेत हुनुपर्दछ भन्ने सम्बन्धमा सहभागीहरूमा समान बुझाइको विकासका साथै सोको लागि स्थानीय कार्ययोजना निर्माणमा जोड दिनुपर्दछ ।

यस सत्रको अन्त्यमा सहभागीहरूले तालिममा सिकेका वा तालिमपश्चात आफ्नो क्षेत्रमा फर्किएपछि के-के कामहरू कसरी गरी यो अभियानलाई सफल बनाउने भनी कार्ययोजनाका रूपमा तयार गरिनेछ । कार्ययोजनामा सम्बन्धित स्थानीय तहलाई युवामैत्री बनाउनका लागि के-कस्ता गतिविधिहरू सञ्चालन गर्नुपर्दछ भन्ने लिपिबद्ध गरी कार्ययोजनामा उतार्ने छन् । यसबाट सहभागीहरूले तालिममा अनुभव गरेका वा सिकाइ अभिवृद्धि गरेका विषयवस्तुहरूको स्थानीय तहहरूसम्म पुऱ्याउन र सोको सम्बन्धित स्थानीय तहमा कार्यान्वयनमा पनि सहयोग पुग्नेछ । यो कार्ययोजना निर्माणले युवामैत्री स्थानीय शासनको कार्यान्वयनमा योगदान पुग्नेछ । युवामैत्री स्थानीय शासनको अवलम्बनसँग सम्बन्धित गतिविधिहरू समेटी कार्ययोजना बनाउन समूहगत रूपमा काम गर्न सहजकर्ताले उत्प्रेरित गर्नुपर्दछ ।

## कार्ययोजनाको ढाँचा

गाउँ/नगरपालिका: कार्ययोजना बनाएको मितिः

| क्र.सं | गति विधिहरू | कहिले गर्ने | कसरी गर्ने | कहाँ गर्ने | जिम्मेवार व्यक्ति/ निकाय शाखा | समन्वय कोसँग गर्ने | काम सम्पन्न प्रमाणी-करण कसरी गर्ने | अनुगमन/ मूल्याङ्कन कसरी गर्ने | उपलब्ध स्रोतहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## सत्र : १७

# तालिम मूल्याङ्कन र तालिम समापन

तालिमको अन्त्यमा सहभागीहरूको तालिमका वारेमा अनुभव सुन्ने तथा आयोजक र सहजकर्ताका लागि सहभागीहरूको तर्फबाट पृष्ठपोषण लिने काम गरिनेछ । तालिम मूल्याङ्कन फारमका आधारमा पनि सुझावहरू सङ्कलन गरिनेछ । तालिम पश्चातको सहभागीहरूको प्रतिवद्धता पनि आउनेछ । सहभागीहरूका लागि तालिम सहभागिताको प्रमाणपत्र वितरण गरिनेछ । तालिममा धन्यवाद ज्ञापन सहित तालिम औपचारिक समापन गरिनेछ । तालिम समापनका क्रममा तालिमका विषयवस्तु र उद्देश्यसँग सम्बन्धित अतिथिहरूलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

# अनुसूची : १

## युवामैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि

### (स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा तयार गर्नका लागि नमुना)

**१. प्रस्तावना:**

वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधान, पन्धौं योजना, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, दश वर्षे रणनीतिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारले सञ्चालन गर्ने गतिविधि तथा कार्यक्रमलाई युवामैत्री किसिमले सञ्चालन गरी युवाको समग्र व्यक्तित्व विकास गर्दै, शिक्षित, स्वास्थ्य, उद्यमशील र नेतृत्वदायी क्षमतायुक्त बनाउँदै स्थानीय तहलाई युवामैत्री बनाउन यो कार्यविधि तयार गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "युवामैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि" रहने छ । यसपछि छोटकरीमा यसलाई "कार्यविधि" मात्रै भनिने छ र यो कार्यविधि गाउँ/नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले संघीय युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ ।

ख) "युवा" भन्नाले १६ वर्षदेखि ४० वर्ष उमेर समूहका व्यक्ति सम्झनुपर्दछ ।

ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद्लाई सम्झनुपर्दछ ।

घ) "युवा मैत्री शासन" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने, युवा मैत्री स्थानीय शासन दिग्दर्शनमा उल्लेखित सूचक प्राप्त भएको शासनलाई सम्झनु पर्दछ ।

ङ) "कार्यक्रम" भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूलाई यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनुपर्दछ ।

च) "स्थानीय तह" भन्नाले ..................गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ ।

छ) "दिग्दर्शन" भन्नाले राष्ट्रिय युवा परिषद्ले निर्माण गरेको युवामैत्री स्थानीय शासनको सूचकहरू समेत समेटिएको दिग्दर्शन २०७९ लाई सम्झनु पर्छ ।

ज) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) "सूचक" भन्नाले युवा मैत्री स्थानीय शासन दिग्दर्शनमा उल्लेख गरिएका सूचकलाई सम्झनु पर्दछ ।

ञ) "गैरसरकारी संस्था" भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी गठन भएका सामाजिक संस्थाहरूलाई सम्झनुपर्दछ ।

## ४. युवा मैत्री स्थानीय शासन घोषणा गर्न सकिने

दिग्दर्शनले तोके बमोजिमको सूचकहरू प्राप्त भएपश्चात युवा मैत्री स्थानीय शासन घोषणा गर्न सकिनेछ । यसको लागि तोकिएको विज्ञले उक्त सूचकहरूको प्राप्ति भएको नभएको स्वतन्त्रता पूर्वक अध्ययन गर्नुपर्नेछ । यसरी अध्ययन गर्ने विज्ञ समूहमा देहाय बमोजिमका पाँच जना सदस्य रहनेछन्:

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तहको सरकारका प्रमुखले तोकेको जननिर्वाचित प्रतिनिधि मध्येबाट एकजना | संयोजक |
| ख) युवाको क्षेत्रमा काम गरिरहेका विज्ञ एकजना | सदस्य |
| ग) स्थानीय युवा समितिका अध्यक्ष एकजना | सदस्य |
| घ) गाउँस्तरीय युवा सञ्जालका अध्यक्ष एकजना | सदस्य |
| ङ) शिक्षा शाखाका प्रमुख | सदस्य-सचिव |

## ५. सूचकहरू थपघट तथा अद्यावधिक गर्न सकिने:-

युवामैत्री स्थानीय शासन घोषणा गर्न दिग्दर्शनमा तोकिए बमोजिमको सूचक पुरा गरी तोकिएको अङ्क प्राप्त गरेको हुनुपर्छ । दिग्दर्शनमा उल्लेख भएका सूचकहरूलाई स्थानीय सरकारले स्थानीयकरण गर्न र आवश्यक थप सूचक तयार गर्न सक्नेछ ।

## ६. युवामैत्री स्थानीय शासन समिति/संयन्त्र निर्माण गर्न सकिने:-

स्थानीय तहले युवामैत्री स्थानीय तहको निर्माणको लागि तोकिएका सूचक प्राप्तिको लागि गर्नुपर्ने कामको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका काम गर्नको लागि "युवामैत्री स्थानीय शासन समिति/संयन्त्र" निर्माण गर्न सक्नेछ । आवश्यकता अनुसार उपसमिति पनि गठन गर्न सकिनेछ । यसको लागि आवश्यकता अनुसारको सदस्य राख्न सकिने छ । यद्यपी यसरी निर्माण गरिएको समिति तथा संयन्त्रमा सम्बन्धित विषयको विज्ञ, युवासञ्जालका प्रतिनिधिहरूको प्रतिनिधित्व भने सुनिश्चित गरिनुपर्छ । साथै यस्तो समिति लैङ्गिक, धार्मिक, जातजातिगत दृष्टिकोणले समावेशी भएको हुनुपर्नेछ ।

## ७. युवामैत्री स्थानीय तहको लागि विभिन्न सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसँग समन्वय गर्न सकिने:-

युवामैत्री स्थानीय तह निर्माणको लागि अन्य सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तरास्ट्रिय संस्था, निकायहरूसँग समन्वय र सहकार्य गर्न सकिनेछ । यसको लागि

विषयगत रूपमा काम गरिरहेका विभिन्न सरकारी, गैरसरकारी, नीजि तथा सामुदायिक क्षेत्र तथा संघसंस्थासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

८. वार्षिक कार्यक्रम तथा आवधिक योजना बनाउँदा युवामैत्री स्थानीय शासनका सूचकलाई अङ्ग बनाउन सकिने:

स्थानीय तहले हरेक वर्ष निर्माण गर्ने वार्षिक नीति, कार्यक्रम,बजेट तयारी तथा आवधिक र विषयगत योजना बनाउँदा युवामैत्री स्थानीय शासन दिग्दर्शन २०७९ मा उल्लेख गरिएका सूचक र त्यसको कार्ययोजनालाई आफ्नो अङ्ग बनाउन सकिनेछ ।

९. पुरस्कृत गर्न सकिने:

युवामैत्री स्थानीय शासनको लागि महत्त्वपूर्ण योगदान गर्ने विभिन्न व्यक्ति, सरकारी, गैरसरकारी, नीजि तथा सामुदायिक संघसंस्था तथा अन्य निकाय वा पक्षलाई स्थानीय तहले विशेष कार्यक्रम गरी पुरस्कृत तथा प्रोत्साहित गर्न सक्नेछ । यसको लागि एक स्वतन्त्र र स्वायत्त सिफारिस समिति गठन गरी सिफारिस गरिनेछ । देहाय बमोजिमका सदस्य भएको समितिले छनौट गरी पुरस्कृत गर्नुपर्दछ:

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | संयोजक |
| ख) युवासँग सम्बन्धित विषयको विज्ञ एकजना | सदस्य |
| ग) स्थानीय युवा समितिका प्रमुख | सदस्य |
| घ) स्थानीय युवा सञ्जालका अध्यक्ष एकजना | सदस्य |
| च) सम्बन्धित स्थानीय तहको शिक्षा शाखा प्रमुख | सदस्य-सचिव |

१०. नियन्त्रण तथा निर्देशन दिन सक्ने :

क) कार्यपालिकाले युवामैत्री स्थानीय तह घोषणाको लागि गठन गरिएका सबै समिति तथा संयन्त्रलाई नियन्त्रण गर्न र निर्देशन दिन सक्नेछ ।

ख) स्थानीय तह अर्न्तगत कार्यरत सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रलाई पनि निर्देशन दिन सक्नेछ ।

११. अनुगमन तथा मूल्याङ्कनको लागि समिति गठन गर्न सकिने :

स्थानीय तहबाट सञ्चालन हुने युवामैत्री स्थानीय शासनको कार्ययोजना अर्न्तगतका योजना तथा कार्यक्रम र गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसको लागि युवामैत्री स्थानीय तहस्तरीय अनुगमन समिति गठन गर्न सकिने छ । जसको संयोजक तथा सदस्यहरू देहाय बमोजिम रहने छन् ।

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तहको उपाध्यक्ष/उपप्रमुख | संयोजक |
| ख) शिक्षा, युवा तथा खेलकुद हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| ग) सम्बन्धित स्थानीय तहको प्रशासकीय प्रमुख | सदस्य |
| घ) स्थानीय युवा परिषद्का प्रमुख | सदस्य |
| ङ) सम्बन्धित स्थानीय तहको युवा सञ्जालका संयोजक | सदस्य |
| च) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख | सदस्य–सचिव |

**१२. अन्य थप समितिहरू गठन गर्न सकिने :**

स्थानीय तहको सरकारबाट सञ्चालन हुने युवामैत्री स्थानीय शासनको कार्यन्वयनका लागि प्रमुख प्रशासकिय अधिकृतको नेतृत्वमा युवामैत्री स्थानीय शासन कार्यान्वयन तथा समन्वय समिति पनि गठन गर्न सकिनेछ । यस्तो समितिमा सबै विषयगत शाखाहरू र विभिन्न सरोकारवाला निकायहरूको प्रतिनिधित्व हुनेगरी गर्न सकिनेछ ।

त्यसैगरी स्थानीय तहमा युवामैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि बहुपक्षीय सरोकारवालाहरूको सहभागिता र नेतृत्वमा युवामैत्री स्थानीय शासन सहयोग तथा प्रवर्द्धन समूह /समिति पनि गठन गरी परिचालन गर्न सकिनेछ ।

**१३. विविध**

युवामैत्री स्थानीय तह घोषणाको लागि यस कार्यविधिमा उल्लिखित प्रक्रियाहरूसँग नबाभ्किने गरी तथा प्रचलित ऐन, कानून तथा निर्देशनहरूसँग प्रतिकुल नहुने गरी परिमार्जन तथा आवश्यकता अनुसार अन्य प्रक्रियाहरूका सम्बन्धमा स्थानीय तहले संसोधन गर्न, परिमार्जन गर्न निर्देशन दिन सक्नेछ ।

# अनुसूची : ७

## युवा तथा युवामैत्री सम्बन्धी उपयोगी वेभसाइट तथा सामाजिक सञ्जालका लिङ्कहरू

निर्वाचन आयोग, www.election.gov.np

मानव अधिकार आयोग, www.nhrcnepal.org

National Planning Commission, www.npc.gov.np

Department of Foreign Employment, www.dofe.gov.np

Foreign Employment Board, www.fepb.gov.np

राष्ट्रिय खेलकुद परिषद्, www.nsc.gov.np

नेपाल स्काउट, www.nepalscouts.org

CTEVT (The Council for Technical Education and Vocational Training), www.ctevt.org.np

UNDP Nepal (United Nations Development Programme), www.undp.org

UNICEF Nepal, www.unicef.org/nepal

https://www.facebook.com/nationalyouthcouncilnepal

https://www.facebook.com/YFLGNepal

https://www.facebook.com/SakchhinChhoriJourney2SDGs5

https://www.facebook.com/GirlsCoalition

https://www.facebook.com/ncflgforum

https://www.facebook.com/JCYCNepal

https://www.ncrc.gov.np/

https://www.facebook.com/spcsnnepal

https://www.ayon.org

# अनुसूची : ३

## स्थानीय तहको निर्वाचन २०७९ मा युवा प्रतिनिधित्त्वको अवस्था

स्थानीय तह निर्वाचन २०७९ मा ३० वर्ष उमेर समूहका १६ हजार ३ सय ७२ उम्मेदवार प्रतिस्पर्धामा थिए । यसैगरी ३१ वर्षदेखि ४० वर्ष उमेर समूहका उमेदवारको संख्या भने ४३ हजार ४ सय ४२ रहेको थियो । निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्क अनुसार उक्त निर्वाचनमा निर्वाचित एक तिहाई भन्दाबढी जनप्रतिनिधि युवा रहेका छन् । जसमा २१ देखि ४० वर्ष उमेर समूहका ४१.१९ प्रतिशत जनप्रतिनिधि निर्वाचित भएका छन् ।

**स्थानीय तह निर्वाचन २०७९ मा भएको उमेर समूहगत प्रतिनिधित्व**

| क्र.सं. | उमेर समूह | प्रतिशत |
|---|---|---|
| १ | २१–३० | १० |
| २ | ३१–४० | ३१ |
| ३ | ४१–५० | ३२ |
| ४ | ५१–६० | २० |
| ५ | ६१ माथि | ७ |

स्रोत: निर्वाचन आयोग

# अनुसूची : ४

## राष्ट्रिय युवा परिषद्ले वि.सं. २०७५ सालमा युवामैत्री स्थानीय तह कार्यक्रम सञ्चालन गरेका स्थानीय तहहरु

| क्र.सं. | जिल्ला | प्रदेश | पालिका |
|---|---|---|---|
| १ | इलाम | १ | चुलाचुली गाउँपालिका |
| २ | तेह्रथुम | १ | म्याङलुङ नगरपालिका |
| ३ | सिराहा | मधेश | नरहा गाउँपालिका |
| ४ | बारा | मधेश | करैयामाई गाउँपालिका |
| ५ | रामेछाप | बागमती | खाँडादेवी गाउँपालिका |
| ६ | मकवानपुर | बागमती | मनहरी गाउँपालिका |
| ७ | स्याङ्जा | गण्डकी | फेदीखोला गाउँपालिका |
| ८ | पर्वत | गण्डकी | मोदी गाउँपालिका |
| ९ | कपिलवस्तु | लुम्बिनी | बाडगंगा नगरपालिका |
| १० | दाङ | लुम्बिनी | दंगीशरण गाउँपालिका |
| ११ | जुम्ला | कर्णाली | तिला गाउँपालिका |
| १२ | सुर्खेत | कर्णाली | सिम्ता गाउँपालिका |
| १३ | कैलाली | सुदूरपश्चिम | गोदावरी नगरपालिका |

# अनुसूची : ५

## युवाका बारेमा काम गर्ने नेपाल सरकारका मन्त्रालय तथा अन्य केहि निकायहरूको विवरण

| क्र.सं. | निकायको नाम | सम्पर्क |
|---|---|---|
| १ | युवा तथा खेलकुद मन्त्रालय | https://www.moys.gov.np/ |
| २ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | https://moless.gov.np |
| ३ | अर्थ मन्त्रालय | https://mof.gov.np |
| ४ | उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय | https://moics.gov.np |
| ५ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | https://www.moewri.gov.np |
| ६ | कृषि भूमि व्यवस्था तथा सहकारी व्यवस्था मन्त्रालय | https://molcpa.gov.np |
| ७ | खानेपानी मन्त्रालय | https://mows.gov.np |
| ८ | गृह मन्त्रालय | https://www.moha.gov.np |
| ९ | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | https://www.opmcm.gov.np |
| १० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | http://www.mopit.gov.np |
| ११ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | https://mowcsc.gov.np |
| १२ | शहरी विकास मन्त्रालय | https://www.moud.gov.np |
| १३ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | https://moest.gov.np |
| १४ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | https://www.tourism.gov.np |
| १५ | संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय | https://www.mofaga.gov.np |
| १६ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | https://mocit.gov.np |
| १७ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | https://www.mohp.gov.np |
| १८ | सीप विकास तालिम केन्द्र | https://vsdta.gov.np |
| १९ | राष्ट्रिय युवा परिषद् | https://nyc.gov.np |
| २० | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | http://www.ysef.gov.np |
| २१ | प्रधानमन्त्री रोजगार कार्यक्रम | https://pmep.gov.np |
| २२ | प्रादेशिक मन्त्रालयहरु | |

# अनुसूची : ६

## राष्ट्रिय युवा परिषद्को नेतृत्व र जागृति बाल तथा युवा सरोकार नेपालको संयोजन र युएनडिपी तथा युनिसेफ नेपालसँगको सहकार्यमा नमुनाको रूपमा युवामैत्री स्थानीय शासन कार्यक्रम २०७९ सञ्चालन भएका स्थानीय तहहरू

| क्र.सं. | जिल्ला | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | उदयपुर | १ | रौतामाई गाउँपालिका |
| २ | सप्तरी | मधेश | कञ्चनरुप नगरपालिका |
| ३ | चितवन | बागमती | माडी नगरपालिका |
| ४ | नवलपुर | गण्डकी | कावासोती नगरपालिका |
| ५ | रुपन्देही | लुम्बिनी | तिलोत्तमा नगरपालिका |
| ६ | दैलेख | कर्णाली | महाबु गाउँपालिका |
| ७ | बैतडी | सूदुरपश्चिम | दशरथचन्द नगरपालिका |

# अनुसूची : ७
# युवामैत्री स्थानीय शासन तालिम
## तालिम मूल्याङ्कन फारम

युवामैत्री स्थानीय शासन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रममा यहाँको सक्रिय सहभागिताको लागी हार्दिक धन्यवाद ! तालिममा सिकेको ज्ञान, सीप र क्षमतालाई व्यवहारमा लागू गर्दै अन्य सरोकारवालाको बीचमा पुर्याउनुहुनेछ भन्ने अपेक्षाका साथ यस प्रकार का कार्यक्रमलाई थप व्यवस्थित र राम्रो बनाउन यो मूल्याङ्कन फारम भरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

उपयुक्त उत्तरमा ठिक चिन्ह लगाइदिनुहुन अनुरोध छ ।

| क्र.सं. | मूल्याङ्कनका विषयहरू | नराम्रो | ठिकैठिकै | ठिक | राम्रो | अति राम्रो |
|---|---|---|---|---|---|---|
| १. | तालिमको व्यवस्थापन (तालिम हल, खाना, खाजा, आवास, सहभागीका लागि आवश्यक स्टेशनरी आदि) | | | | | |
| २. | तालिममा समावेश गरिएका विषयवस्तु | | | | | |
| ३. | तालिम सामग्रीहरू (तालिममा प्रयोग गरिएका सामग्री, सहभागीका लागि अध्ययन सामग्री आदि) | | | | | |
| ४ | तालिममा प्रशिक्षकको सहजीकरण | | | | | |

तालिममा समावेश गरिएका मध्ये कुन–कुन विषयवस्तु तपाईंको लागि बढी उपयोगी लाग्यो ? किन ?

.........................................................................................................
.........................................................................................................
.........................................................................................................
.........................................

भविष्यमा यस्तै प्रकारको तालिम आयोजना गर्दा के–कस्ता नयाँ विषयवस्तु थप गर्नु उपयुक्त होला ? सुझाव लेखिदिनुहोला ।

.........................................................................................................
.........................................................................................................
.........................................................................................................
.........................................

तपाईंको थप केही भन्नु छ भने लेखिदिनुहोला ।

.........................................................................................................
.........................................................................................................
...........................

यहाँको समय र सुझावका लागि धेरै धेरै धन्यवाद । हामी आभारी छौँ ।

- नेपालको संविधान (२०७२) नेपाल सरकार ।
- राष्ट्रिय युवा नीति, २०७२, नेपाल सरकार ।
- राष्ट्रिय युवा परिषद् ऐन, २०७२, नेपाल सरकार ।
- राष्ट्रिय युवा परिषद् नियमावली, २०७२, नेपाल सरकार ।
- युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना, नेपाल सरकार ।
- पन्ध्रौं पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार ।
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, नेपाल सरकार ।
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५, नेपाल सरकार ।
- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, नेपाल सरकार ।
- विद्यालय स्वास्थ्य तथा नर्सिङ् सेवा निर्देशिका र विद्यालय नर्स कार्यविधि, २०७७, नेपाल सरकार ।
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७४, नेपाल सरकार ।
- महिला, बालबालिका तथा किशोरकिशोरी स्वास्थ्य सम्बन्धी विश्वव्यापी रणनीति, २०१६, नेपाल सरकार ।
- राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास सम्बन्धी रणनीति, २०७५, नेपाल सरकार ।
- किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना (२०७०/७१-२०७४/७५), नेपाल सरकार ।
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, नेपाल सरकार ।
- घरेलु हिंसा (संजाय तथा कसूर) ऐन, २०६६, नेपाल सरकार ।
- कार्यस्थलमा हुने यौन दुर्व्यवहार (निवारण) ऐन, २०७१, नेपाल सरकार ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, नेपाल सरकार ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, नेपाल सरकार, संघीय

मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौँ ।

- बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९, नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौँ ।
- युवामैत्री स्थानीय तह दिग्दर्शन २०७९, राष्ट्रिय युवा परिषद्, नेपाल सरकार ।
- पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८, नेपाल सरकार ।
- युवा, शान्ति तथा सुरक्षासँग सम्बन्धित प्रस्ताव नं. २२५०, संयुक्त राष्ट्र संघ ।
- दिगो विकासका लक्ष्य २०३०, संयुक्त राष्ट्र संघ ।
- बालमैत्री स्थानीय शासन प्रशिक्षक प्रशिक्षण सहजकीकरण पुस्तिका, बालमैत्री स्थानीय शासन राष्ट्रिय मंच, वर्ल्ड भिजन इन्टरनेशनल ।

## युवामैत्री स्थानीय शासन अभियानमा स्थानीय तहका सरोकारवालाको मुख्य भूमिका

१. स्थानीय सरकारका सम्बन्धित संरचनाहरुमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

२. स्थानीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा युवाहरुलाई प्राथमिकता दिने,

३. युवामैत्री स्थानीय शासनलाई एक वृहत तथा निरन्तर अभियानको रुपमा अघि बढाउन युवामैत्री दिग्दर्शन तोकेका सूचकहरु अनुसार कार्यक्रम अघि बढाउने,

४. नेतृत्व विकास, क्षमता अभिवृद्धि, उद्यमशीलता, युवा स्वरोजगार, सीप विकासमा जोड दिने,

५. युवाका सवाल र समस्याहरु समाधानका लागि विशेष प्रावधानहरुको व्यवस्था गर्ने र संघीय तथा प्रदेश सरकार र निजीक्षेत्रको समेत साझेदारीमा प्रभावकारी कार्यक्रम कार्यन्वयन गर्ने,

६. लागूपदार्थ दुर्व्यसनी, बाल विवाह, लैङ्गिक हिंसा, जाति भाषा धर्म र लिङ्गका आधारमा हुने सबै प्रकारका हिंसा र विभेद विरुद्ध युवाहरुको नेतृत्वमा अभियान संचालन गर्ने,

७. पिछडिएका, अपाङ्गता भएका, यौनिक तथा लैङ्गिक अल्पसङख्यक, गरिब तथा अन्य विविध कारणले सिमान्तकृत युवाहरुको लागि विशेष प्रावधानहरुको व्यवस्था गर्ने,

८. युवाहरुको शिक्षा, स्वास्थ, खेलकुद लगायतका विषयमा युवामैत्री वातावरण तय गर्न पैरवी गर्ने,

९. दिगो विकासको लक्ष्य हासिल गर्न युवानीति र युथ भिजन २०२५ लाई कार्यन्वयन गर्ने,

१०. विपद् व्यवस्थापन, स्वयम्सेवा, वातावरण संरक्षण, बालबालिका तथा किशोरकिशोरीको संरक्षणका लागि बालमैत्री शासन प्रवर्द्धन गर्दै युवामैत्री स्थानीय तह बनाउन भूमिका निर्वाह गर्ने ।